# धर्मकीर्ति

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY

**आषाढ पूर्णिमा**



सिद्धार्थ नगर नगरपालिकामा नवनिर्मित सि[illegible] [illegible]र्ति [illegible]निरुद्ध संघनायकले अनावरण गर्नुहुँदै ।

DHARMAKIRTI

वर्ष– १८ अङ्क– ३ वार्षिक रु. ६०/– मूल्य रु. ५/–

# धर्मकीर्ति

१. 'धर्मकीर्ति' प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२. 'धर्मकीर्ति' का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू लेखी पठाउनु होस् । लेख लेख्दा कागजको एकतर्फी मात्र लेखी अक्षर स्पष्ट हुन आवश्यक छ ।

३. विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयमै हामीलाई लेखी पठाउनु होस् ।

४. हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५. लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवार लेखक आफै हुनेछ-सम्पादक मण्डल हुने छैन ।

---

★ धर्मकीर्तियात छिगु ग्वाहालीया आवश्यकता दु । छिगु प्रत्येक ग्वाहाली पत्रिकाया लागि तःधंगु तिबः ज्वीफु ।

★ छि थः ग्राहक जुया दिसँ, मेपिन्त नं ग्राहक याना दिसँ ।

★ छिं थःगु पसः, उद्योग, व्यापार, कार्यालयया बिया ष्वूगु प्रत्येक विज्ञापन पत्रिकायात तःधंगु ग्वाहाली जूवनी ।

★ धार्मिक व सामाजिक पक्षया रचना च्वया, सुझाव व सल्लाह बिया पत्रिकायात रोचक व स्तरीय याय्‌गुली नं ग्वाहाली बीफु ।

★ आसे धयादीमते, बिचाः याना दिसँ- 'धर्मकीर्ति' यात बाँलाकेत छिं गुकथं ग्वाहाली बिया दीफु ।

## विषय-सूचि


| | | |
|---|---|---|
| १) तिपल्लत्थमिग जातक | ✍ प्रकाश बज्राचार्य | २ |
| २) संसार | ✍ सरोज उदास | ३ |
| ३) धम्मपद - १३० | ✍ रीना तुलाधर | ४ |
| ४) (कथा) प्रकाश आफूभित्रै छ | ✍ अभिषेक विक्रम थापा | ५ |
| ५) (कविता) अय् चुरोट ! | ✍ रामभक्त प्रधान | ५ |
| ६) सन्निपात ग्रस्त मानसिकता र धर्मको कुरा | ✍ विश्व शाक्य | ६ |
| ७) तपाईंको प्रश्न, आचार्य सत्यनारायण... ... | ✍ रीना तुलाधर | ८ |
| ८) (कविता) सन्ध्या जुइ न्ह्यः | ✍ भिक्षु सुशील | ९ |
| ९) (कविता) धम्मपद या आधारय् | ✍ 'ज्योति' शाक्य, का.बु. | ९ |
| १०) बौद्ध धर्मको श्रमण परम्परा | ✍ ब. आ. कनकद्वीप | १० |
| ११) धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | ११ |
| १२) नगर प्रमुख श्री सागर प्रताप राणाज्यू को ... | ✍ बखत बहादुर चित्रकार | १२ |
| १३) धर्मकीर्ति विहार - गतिविधि | | १५ |
| १४) धर्म प्रचार - समाचार | | १८ |


Downloaded from http://www.dhamma.digital

प्रमुख व्यवस्थापक
**विद्यासागर रञ्जित**
फोन : २५८९५५

व्यवस्थापकहरू
**चिनीकाजी महर्जन**
फोन : २५३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन : २७६९०८

सह-व्यवस्थापक
**ध्रुवरत्न स्थापित**

सम्पादक
**भिक्षुणी वीर्यवती**
फोन : २५९४६६

प्रधान सम्पादक
**भिक्षु अश्वघोष महास्थविर**
फोन : २५५९६०, २५९११०

प्रकाशक र विशेष सल्लाहकार
**भिक्षुणी धम्मवती**
फोन : २५९४६६

कार्यालय
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ: टोल
पोष्ट बक्स नं. ४९९२
काठमाडौं
फोन : २५९४६६

बुद्धसम्वत् २५४४
नेपालसम्वत् ११२०
इस्वीसम्वत् २०००
बिक्रमसम्वत् २०५७

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | ६०/- |
| यस अङ्कको | रु. | ५/- |




# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
**A Buddhist Monthly**

**JUNE, 2000**

| वर्ष- १८ | अङ्क- ३ | असार | पूर्णिमा २०५७ |
|---|---|---|---|


★ भिक्षु हो ! तिमीहरूको भिक्षु जीवन चिरस्थायी रहोस्, अनि यदि तिमीलाई यस्तो अनुभव होस्, कि तिम्रो त्यो शुद्ध आचरणद्वारा धेरै नै मानिसहरूलाई कल्याण हवस्, बहुजन सुखाय होस्, अनि मैले सिकाएको 'कुशल धर्म" लाई राम्रो तरिकाले अध्ययन र उसको शुद्ध रूपले अभ्यास गर ।

★★★

★ जुन मानिसले मैले दिएको उपदेश अनुसार सावधानसँग धर्मको आचरण गर्दछ, उसले पुनर्जन्मबाट छुटकारा पाउँछ, उसको दुःख नष्ट भएर जान्छ ।

★★★

★ मेरो परिनिर्वाण (मृत्यु) पछि मेरो शरीर (मूर्ति) को पूजा गर्नेतिर मात्र नलाग्नु । मैले जुन मार्ग देखाइ दिएको छु, त्यसै अनुसार हिंड्ने प्रयत्न गर्नु । *(महापरिनिर्वाण सूत्र)*

# तिपल्लत्थमिग जातक

✍ प्रकाश बज्राचार्य

मृग सानो थियो । राम्रो थियो । चकचके थियो । आफ्नो बालकपनको स्वभाव बोकी उफ्री यताउता दौड्दै थियो । उसको लागि चारैतिर जे जति थिए सबै खेलौना थिए । घाँसपात ढुंगा-मुढा सबै प्रकृतिले उसैलाई खेल्नको लागि बनाइदिएको सम्झन्थ्यो उसले । हरेक वस्तु उसको मात्र खेलौना थियो । उसलाई सबै रूचि लाग्थ्यो । सबैले उसलाई रूचाउँथे ।

अचानक ! उफ्री उफ्री खेलिराख्ने त्यो बालक मृगको दाहिने खुट्टा एउटा पासोमा फस्यो । उसले आफ्नो खुट्टा फुत्काउन खोजे । सकेन । ऊ झन उफ्र्यो । अर्को खुट्टा पनि पासोमा पऱ्यो । ऊ छटपटायो । अर्को एउटा खुट्टा पनि फँस्यो । अब ऊ विवश थियो । तीन खुट्टाहरू पासोमा परिसकेको त्यो बालक मृग अब असहाय थियो । बरू चल्नु व्यर्थ ठानेर उनी चल्न पनि छाडे । एकपल्ट चिच्याए ।

नजिकै घाँस खाइराख्ने आमा चाहिंले छोरोका चिच्याहट चिनी हाली । हत्तनपत्त दौडेर आई । आफ्नो एक्लो छोरो शिकारीको जालमा फसिराखेको देखी । उनले केही गर्न सक्ने थिइन । चुपचाप आँखाबाट आँसु चुहाउँदै उनी फर्की ।

× × ×

"दाई, तपाइँको भाञ्जा मृग शिकारीको जालमा फसेछ ।" आमाचाहिं मृगणीले गएर आफ्नो दाईलाई भन्न गई ।

मामा चाहिं मृग मौन ।

"दाई, मेरो छोरो तपाइँकहाँ मृगमाया सिक्न आउँथ्यो त । शिकारीहरूको चाल बुझ्न, उनीहरूको जालबाट मुक्त हुने उपाय सिक्न आउँथ्यो त । के ऊ सधैं यहाँ मृगमाया सिक्न आउँदैनथ्यो र ?"

"आउँथ्यो ।"

"के उसले मन लगाएर सिक्दैनथ्यो र ?"

"सिक्दथ्यो ।"

"के उसले बुझ्दैनथ्यो र ?"

"बुझ्दथ्यो ।"

"त किन आज उनी शिकारीको पासोमा फसेछ । मेरो एक्लो छोरो हो । कसरी यो वियोग सहूँ म ?" आमा मृगणी रोई ।

"बहिनी, तिमी नरोऊ । मेरो भाञ्जालाई केही हुने छैन । उसले राम्रोसंग मृगमाया सिकिसकेको छ । तिमीले सुर्ता नगर । ऊ फर्कने छ ।" मामा मृगले ढाढस दियो ।

"कसरी सुर्ता नगरौं ? मेरो छोरो पासोमा फसिसकेको छ त्यस्तो पासोमा जसलाई कुनै पनि मृगले फुत्काउन सक्दैन ।" आमाचाहिंले भनी ।

"धन्दा नमान । मैले उसलाई राम्रोसंग मृगमाया सिकाई दिएकोछु । उसलाई केही हुने छैन ।" आमाचाहिं सुकसुक रोइराखी ।

× × ×

साँझपख सूर्यले आफ्नो अनुहार रातो पारी पश्चिमी दिशामा मुण्टो लुकाउन गइसकेपछि शिकारी पनि अब त पासो बटुल्न जाने समय भो भन्दै गाउँबाट निस्के । बिहान सबेरै पाँच ठाउँमा जाल बिछाएर गएको थियो उसले । ती पाँच जालहरूमा कुनै न कुनै त शिकार फसिहाल्ला भन्ने ठूलो आकांक्षा थियो ।

जंगलमा पस्यो । पहिलो जाल हेर्न गयो । रित्तो थियो मुख बिगार्दै रित्तो पासोलाई पोको पारे उनले । अगाडि बढेर दोस्रो जाल हेर्न गयो । यसपालि पनि ऊ हिस्स पऱ्यो । तेस्रोतिर लम्क्यो । कुनै शिकार थिएन । मुख मलिन भयो उसको । चौथोमा हेर्न गयो । त्यो पनि खालि । अलि निराश भयो शिकारी । त्यो दिन सित्तै गएको ठान्दै पाँचौ र अन्तिम पासोतिर पाइला चाल्यो । मनमा हरेक कुरा खेलिरहेको थियो- रित्तै फर्कनुपर्ने पो हो कि ?



Downloaded from http://www.dhamma.digital

पाँचौ पासो टाढैबाट देखापऱ्यो । कुनै मृग त्यो पासोमा अल्भिएको टाढैबाट स्पष्ट देख्न सकिन्थ्यो । शिकारीको मन उफ्र्यो । एउटा शिकार त फसिहालेछ भन्दै मख्ख हुँदै छिटो छिटो पाइला चाली पासोतिर लम्कियो । नभन्दै पासोमा एक बालक मृग फसेको थियो । उत्तानो परिसकेको थियो । श्वास चल्दैनथ्यो । भुँडि फुलिसकेको थियो । शरीर अकडिसकेको थियो मृग मरिसकेको थियो ।

मरिसकेको मृगको हात खुट्टामा बेरिएका पासोमा बन्धनहरू फुकालिदिए हर्षित हुँदै । रित्तो हात त फर्कनु परेन भनेर मख्ख हुँदै पासो पोको पार्नमा लागे । मरिसकेको बालक मृगको नरम नरम मासु खान पाउने विचारले मन पुलकित भयो । हतार हतार गरी पासो पोको पार्नमा लागे ऊ !

अचानक खसचाक खुसुक आवाज आयो । फनक्क फर्केर हेर्छ त आफूले मऱ्यो भन्ठानेर पासोबाट फुकालेको मृग बुर्लुक उफ्री कुल्लेलम ठोकेको । मृग त मरेको रहेनछ । मात्र मृत्यु भएको स्वांग गरेको रहेछ !! केही बेर त शिकारी हक्क न बक्क भयो । अनि नजिकैको आफ्नो चक्कु लिदै आफूलाई मृत्यु भएको भान पारी छकाएर जाने मृगलाई लखेट्न पुगे । तर कहाँ भेट्नु र ?! निराश शिकारीले लामो सुस्केरा हाली रित्तो हात फर्कनु पऱ्यो ।

आफ्नो मामाबाट सिकेको मृगमायालाई उपयोगमा ल्याई मरेको मृगको स्वांग गरी शिकारीको जालबाट फुत्केको बालक मृग उफ्रन्दै आफ्नो आमालाई भेटाउन बेस्सरी कुदे ।

★ ★ ★

यो जातक कथा भगवान् बुद्धले प्रयत्नशील विद्यार्थी राहुलको सन्दर्भमा भन्नुभएको थियो । यसमा बालक मृगलाई मृगमाया सिकाउने मामा मृग स्वयं बोधिसत्व थिए ।

■

# संसार

✍ **सरोज उदास**, पोखरा

बेहोसमै बित्छ जीवन सारा
थाहै नपाई आफ्नो अभिभारा
ठेस लाग्छ जोड्ले खुट्टामा जब
खुट्टा छ भन्ने होस आउंछ तब

म मेरो भन्ने सम्झन्छ चैत
म को हूँ भन्ने होस हुन्न रैत
बहिर्मुखी भै धाउंछन् सर्वत्र
गर्दैन प्रयास पुग्न आफै भित्र

ध्यान दु:ख नाशक यो कथनभ्रान्ति
ध्यानबाट मिल्छ मानव मन शान्ति
रुन्छन् कोही यहां खानको लागि
रुन्छन् यहां कोही पाउनको लागि

रोगी कोही यहां खानै नपाई
झन रोगी कोही प्रशस्त खाई
गरिब कोही यहां विपन्न भई
झन गरिव कोही सम्पन्न भई

अंशको लागि यहां वंश खिचोला
हुन्न अनित्य बोध यो कस्तो होला
हुँदैन कदर यहां मान्य जनको
गर्छन् सम्मान यहां पद र धनको

मुस्लिम क्रिश्चियन हिन्दु बौद्धावरण
बिरलै हुन्छ यहां जो गर्छन धारण
गरिब को नाममा राजनीति शोषण
धर्मको नाममा पुरोहित पोषण

मृतकको पूजा जीवनको हेला
चल्दछ यहां सांसारीक खेला
पथभ्रष्ट झन यहां लाईसेन्सवाला
कहिल्ये अन्त्य होला यहां यो चाला

धनै ठूलो सम्झने यो कस्तो भ्रान्ति
दान शील विना हुन्न मन शान्ति
छैन यहां सार सब हुन असार
झुठ बाट चल्छ सारा यो संसार

# धम्मपद- १३०

✍ रीना तुलाधर
"परियत्ति सद्धम्म कोविद"

**अत्ता हि अत्तनो नाथो - को हि नाथो परो सिया ?**
**अत्तनाव सुदन्तेन - नाथं लभति दुल्लभं ।**

**अर्थ** - आफ्नो नाथ आफै हो। आफू बाहेक अरु नाथ को छ र ? आफूले आफैलाई दमन गर्नेलाई दुर्लभ नाथ प्राप्त हुन्छ।

घटना- उपरोक्त गाथा भगवान बुद्धले जेतवन महा विहारमा बास गरीरहनु भएको बेला कुमार काश्यप स्थविरकी माता स्थविराको कारणमा भन्नु भएको थियो। भगवान बुद्धको समयमा राजगृह नगरमा एउटा महाजन सेठकी छोरी ठूली भएपछि भगवान बुद्धको धर्ममा अत्यन्त श्रद्धा भएको कारणले प्रव्रजित हुन चाहिन्। तर उनका आमा बाबुले उनलाई प्रव्रज्या हुन दिएन बरु कुनै केटोसँग बिहे गरीदिए । केही समय लोग्नेको घरमा आवश्यक सेवा सत्कार गरी बसिन् । तर उनलाई प्रव्रज्या लिने इच्छा भई नै रहेको थियो । विस्तार विस्तारै आफ्नो पतिलाई मनाई पतिलाई राजी गराई उनले प्रव्रजित हुने अनुमति पाइन् । उनका पतिले उनलाई प्रव्रजित गर्न लगीदियो। गलतीले उनको प्रव्रज्या देवदत्त भिक्षुको अनुयायी भएर बसेका भिक्षुणीहरूकहाँ पर्न गयो। प्रव्रज्या हुनु भन्दा पहिले गृहस्थी समयमै ती आइमाई गर्भिनी भएकी थिइन् तर उनीलाई आफैलाई थाहा थिएन। समय बित्दै गएपछि उनको पेट ठूलो भएर आएकोले उक्त भिक्षुणी गर्भिणी भएको सबैले थाहा पाए । भिक्षुणीहरूले उनलाई आफ्ना गुरु देवदत्त कहाँ लगे। देवदत्त भिक्षुले आफ्नो संघको बदनाम होला भन्ने भयले उनलाई प्रव्रज्या त्यागेर गृहस्थी भएर फर्कने आज्ञा दियो। ती भिक्षुणीले आफू भिक्षुणी भए देखि कहिल्यै शील तोडेको छैन भनेर याचना गर्दा पनि देवदत्तले उनलाई आफ्नो संघमा राखी राख्ने वचन दिएन । अनि ती भिक्षुणीले भनिन् - "म देवदत्तको शासनमा भिक्षुणी हुन आएकी होइन। यहाँ त म गलतीले आई पुगेछु। म त तथागत सम्यक सम्बुद्धको शासनमा प्रव्रजित भएकी । मलाई कृपया जेतवन विहारमा लगी दिनुस् । "मलाई भगवान बुद्धकहाँ लगीदिनुस् ।"

यसरी उनी भगवान बुद्धकहाँ पुगिन्। भगवान बुद्धलाई उक्त भिक्षुणीको चरित्र शुद्ध भएको निश्चित रुपमा थाहा थियो। तर पनि लोकाचारको निम्ति, उक्त भिक्षुणीलाई लोक निन्दाबाट बचाउनको निम्ति भगवान बुद्धले यस समस्यालाई सुल्झाउन कोशल नरेश प्रसेनजीत, महाजनहरू महा अनाथपिण्डिक, चूल अनाथपिण्डिक, विशाखा महाउपासिका र अन्य गण्य मान्यहरूलाई बोलाउन पठाउनु भयो। अनि फेरि उपालि स्थविरलाई आज्ञा हुनु भयो- " जाउ तिमी गएर चार परिषदको बिचमा यस भिक्षुणी निर्दोष छ भनी प्रमाणित गराइदेउ।"

उपालि स्थविरले प्रसेनजीत महाराजाको अगाडि विशाखा महाउपासिकालाई जाँच गर्न आग्रह गर्नु भयो । विशाखाले चारैतिर पर्दा लगाउनु दिई ती भिक्षुणीको गर्भ जाँच गरिन्। भिक्षुणीले प्रव्रज्या लिनुभन्दा अघि गृहस्थी अवस्थामै गर्भ धारण गरेको ठहर भयो । यस प्रकार उपालि स्थविरले उक्त भिक्षुणीको शील परिशुद्ध भएको निर्णय दिनु भयो।

समय पुगेपछि भिक्षुणीले एउटा पुत्रलाई जन्म दिइन्। एकदिन प्रसेनजीत महाराज भिक्षुणीहरूको बिहार नजिकैको बाटोबाट गईरहेको बेला एउटा नाबालक रोइरहेको आवाज सुन्यो। उक्त भिक्षुणीले बच्चा पाएको थाहा पाएपछि प्रसेनजीत महाराजले भिक्षुणी भएर बच्चाको पालन पोषण गर्न गाऱ्हो हुन्छ, त्यो बालकलाई दरबारमा लगेर मैले पाल्छु भनेर बच्चा गोद लियो । बच्चालाई कुमार काश्यप भनेर नाम राखियो । बच्चा सात वर्षको उमेर भएपछि उनलाई जन्म दिने आमा एउटि भिक्षुणी हुन् भनेर थाहा पाएपछि त्यो बालकले इच्छा गरे अनुसार उनलाई पनि भगवान बुद्धकहाँ लगेर श्रामणेर गराईदियो । उमेर पुगेपछि भिक्षु संघमा उपसम्पन्न पनि भयो। भगवान बुद्धकहाँ ध्यान भावनाको कर्मस्थान सिकी जंगलमा बसेर ध्यान भावना गरे। केही समयको उद्योगाभ्यास पछि अरहत्व लाभ गरे। त्यसपछि पनि बाह्र वर्षसम्म कुमार काश्यप जंगलमै बसीरहे।



Downloaded from http://www.dhamma.digital

विहारमा उनलाई जन्म दिने उनकी आमा भिक्षुणी आफ्ना छोरा भिक्षु जंगलमा गएदेखि छोरालाई हेर्न नपाएर पुत्र वियोगमा विलाप गरीरहिन् । बाह्र वर्षसम्म छोराको सम्झना गरी गरी रोईरहिन् । एकदिन भिक्षाको लागि हिँडीरहेको बेला आमाचाहिँ भिक्षुणीले कुमार काश्यप भिक्षुलाई देखेर अत्यन्तै खुशि भएर पुत्र मोहले मोहित भएर छोराको नाम लिएर "मेरा छोरा मेरा पुत्र" भन्दै छोरालाई अँगालो हाल्ने विचारले छोरातिर डौदिन् । हतारमा दौडिंदा आफ्नै चीवरमा अड्की भुइँमा लडिन् । आफ्नि आमाको यो दशा देखेर कुमार काश्यप स्थविरले विचार गर्नु भयो- "यदि मैले आमालाई राम्रो वचन बोली माया देखाएँ भने उहाँ यसरी नै पुत्र मोहमा डुबी-रहनेछिन् । उहाँले आफ्नो श्रामण्यत्वको फल पाउने छैनन् । उहाँको भविष्य बिग्रिने छ । अत: मैले उहाँको पुत्र मोहलाई काटी दिनुपर्छ ।" आफ्नी आमाको यसरी भलो चिताएर उहाँले कडा वचनले भन्नु भयो- "कसो हो ? तपाइँ भगवान बुद्धको संघको एउटी भिक्षुणी भएर पनि छोराप्रति मोह पनि त्याग्न सक्नु भएन ?"

कुमार काश्यपको यस्तो कडा वचन सुनेर आमाचाहिँ भिक्षुणीले भनिन्- "के भनेको छोरा तिमीले ?" कुमार काश्यपले फेरि पनि त्यसरि नै कडा वचन डोहराउनुभयो । छोराबाट यस्तो वचन सुनेर उनको मनमा लाग्यो- "अहो ! मैले आफ्नो छोराको स्नेहमा बाह्र वर्ष आँसु बगाएँ । उसले भने मेरो मातृ स्नेहलाई तुच्छ गरेर यस्तो कडा वचन बोले । मेरो स्नेहको के प्रयोजन भयो ।" यस्तो मनमा लिएर उनले अबदेखि पुत्र स्नेह त्याग्ने छु भनी ठानी पुत्र स्नेह त्यागिन् । पुत्र मोह त्याग्ने बित्तिकै मनमा ज्ञान उत्पन्न भएर उनी त्यही दिनमै अरहतनी भइन् ।

धर्म सभामा भिक्षुहरूको बिचमा कुमार काश्यप र उनकी आमाको बारेमा कुराकानी भईरहेको सुनेर भगवान बुद्धले यसै सन्दर्भमा भन्नु भयो- "भिक्षुहरू ! अरहत्व प्राप्त गर्न तिमीहरूले अरुको भरोसा लिनु हुँदैन, तिमीहरूले आफ्नै भरोसा लिएर प्रयत्न गर्नुपर्छ," यसरी उपदेश दिँदै भगवान बुद्धले उपरोक्त गाथा भन्नुभयो । ■

*यो पनि जान्न लायकको समाचारहरू ... ...*

कथा

# प्रकाश आफूभित्रै छ

प्रस्तुति : **अभिषेक विक्रम थापा**

सिद्धार्थ वनस्थली इन्स्टिच्यूट, कक्षा-७

बुद्धको अन्तिम समय थियो । एकदिन, त्यहाँ कोही रोएको आवाज आयो । भगवान् गौतम बुद्धले त्यहीं उपस्थित रहेका आफ्ना प्रिय शिष्य आनन्दलाई सोध्नुभयो- 'आनन्द, यहाँ को/किन रोइरहेको छ ?'

आनन्दले जवाफ दिए- 'प्रभु भद्रक हजुरको अन्तिम दर्शन गर्न आएको छ ।'

'उसलाई म कहाँ बोलाऊ ।' बुद्धले आनन्दलाई आदेश दिनुभयो । भद्रक बुद्ध नजिक आएपछि उनलाई सोध्नुभयो- "भद्रक, तिमीलाई के दु:ख छ ? किन रुँदैछौ ?'

गहभरि आँसु पारी भद्रकले भने- 'भगवान् हजुरको अनुपस्थितिमा कसले हामीलाई ज्ञानको प्रकाश देखाउनेछ ?'

भद्रकलाई सम्झाउँदै बुद्धले भन्नुभयो- 'भद्रक, प्रकाश हामीभित्रै छ । प्रकाशलाई तीर्थाटन, देवपूजा वा बाहिरी आडम्बरबाट प्राप्त गर्न सकिंदैन । मन, वचन र कर्मले शुद्ध बन र प्रकाशलाई आफूभित्रैबाट प्राप्त गर्ने प्रयास गर । अत्तदीपो भव अर्थात् 'प्रकाश आफूभित्रै छ', यस सूत्रलाई बुझ ।"

यो कुरा सनेपछि भद्रकको चिन्ता हट्यो ।

सत्य हो - मन, कर्म, वचन र आचरणको शुद्धताबाट हामी ज्ञानको प्रकाश पाउन सक्छौं । ■

साभार : नेपाल समाचारपत्र

## अय् चुरोट !

✍ **रामभक्त प्रधान, बनेपा ।**

अय् चुरोट ! छं जिमित छु यानागु ?
छन्त मनुखं सुईं सुईं सालीगु ।
अले छंहे इमित बदला काय्गु ज्या याइगु ।
मनुखं चुरोट सालीगु अले ल्वय् दैगु ।

जिं नं छन्त सुईं सुईं साला: ल्वय् मालेगु ।
जिमिसं छन्त मसास्य च्वंसा ल्वय् गय् दैगु ?
छंहे चुरोट साला राजश्व भरे यानागु
छं हे जिमित पुरस्कारया रुपय् ल्वय् बिया धाइगु ।

# सन्निपात ग्रस्त मानसिकता र धर्मको कुरा

✍ विश्व शाक्य

विश्वमा सबैभन्दा बढी चर्चा हुने विषय 'धर्म' हो । सबै भन्दा बढी चर्चा हुने विषय भएर पनि सबै भन्दा नबुझेको विषय पनि 'धर्म' नै हो । विश्वमा मानिसहरूले धर्मलाई सम्वेदनशील विषय भनेर सम्वेदनशीलतासँग जोडी दिएका छन् । धर्मलाई सम्वेदनशीलतासँग जोडिनु नै धार्मिक विवाद निम्त्याउनु हो । आज विश्वमा जत्तिपनि विवादहरू भैरहेकाछन्, जतिपनि झै झगडा भैरहेकाछन् त्यसको मूल कारण धार्मिक सम्वेदनशीलता देखिन आएको छ ।

धर्म विवादको विषय होइन । धर्म धारणको विषय हो । धर्म जीवन जिउने पद्धती हो । जो मान्छे सुसंस्कारयुक्त वातावरणमा जन्मेको छ, हुर्केको छ उसको जीवन जिउने पद्धती सुसंस्कार युक्त हुन्छ । त्यही सुसंस्कार उसको धर्म हुन्छ । जो मान्छे कुसंस्कार युक्त वातावरणमा हुर्केको छ बढेको छ, पढेको छ उसको जीवन जिउने पद्धती कुसंस्कार युक्त हुन्छ त्यही नै त्यसको स्वभाव हुन्छ । त्यही नै त्यसको धर्म हुन्छ । यही नै सनातन सत्य हो । यही नै सनातन धर्म हो । अमीलो आँपको बोट रोपेर मीठो फलको आशगर्नु त्यत्तिकै मूर्खता हुन्छ जत्ति सुसंस्कार विहीन मान्छेले धर्मको कुरा गरेर मानव कल्याणको स्वप्न देख्छ ।

धर्म न परिवर्तन गर्न सकिन्छ, न परिवर्तन हुन्छ । नाकको धर्म सुंघ्नु हो । गन्ध थाहा पाउनु हो । आँखाको धर्म देख्नु हो । रूप, रङ्ग पहिचान गर्नु हो । जिब्रोको धर्म- स्वाद थाहा पाउनु हो । कानको धर्म- सुन्नु हो । ध्वनीको पहिचान गर्नु हो । छालाको धर्म स्पर्शबाट थाहा पाउनु हो । त्यसैगरी मनको धर्म बहकिनु हो । जता रूचीकर लाग्छ उतै ताँसिनु । जब अरूचि कर लाग्छ छुट्टीनु । द्वेष दुषित हुनु । प्रकृति प्रदप्त यो मानव धर्मलाई कस्ले परिवर्तन गर्न सक्छ ? यो सनातन सत्यलाई कस्ले परिवर्तन गर्न सक्छ ? धर्म परिवर्तनको विषय होइन । कसैको मनमा द्वेष भाव जाग्छ तत्काल उसको चित्त द्वेष दुषित हुन्छ । चाहे त्यो हिन्दू होस् चाहे बौद्ध । चाहे त्यो ईसाई होस् चाहे मुसलमान । यो सनातन सत्यबाट, यो सनातन धर्मबाट कुन सम्प्रदाय जोगिन सकेको छ । जसले रागद्वेष जनित विकारहरूबाट आफ्नो चित्त स्वभावलाई आफ्नो मनलाई अप्रभावित राख्न सक्छ सही अर्थमा त्यो सद्धर्मबान हो । सनातनी धर्मी हो ।

मानिसहरू धर्मका कुरा गर्छन् । सनातन धर्मका कुरा गर्छन् । धर्मलाई संवेदनशीलतासँग जोड्छन् र भन्छन् यो मेरो धर्म । त्यो तेरो धर्म । यो मेरो संवेदनशील क्षेत्र । त्यो तेरो संवेदनशील क्षेत्र । यो मेरो आस्थाको केन्द्र । त्यो त्यसको आस्थाको केन्द्र । म हिन्दू । उ मुसलमान । त्यो बौद्ध, त्यो ईसाई । यी धर्मका कुरा होइनन् । यी सनातनी कुरा होइनन् । जबसम्म मान्छेमा तँ-तेरो, म-मेरो, त्यो-उसकोमा अहंकार जन्य संवेदनशीलता जोडिइरहन्छ तबसम्म सनातन धर्म उनीहरूबाट कोशौं टाढा रहन्छ । उनीरूले आफूलाई जति सनातनी भनेपनि अमीलो आँपको बोटबाट मीठो फलको सपना उन्ने मूर्खता बाहेक केही ठहरिन्न ।

कुनै इसाईले बौद्धलाई इसाई बनाउँछ भने त्यो धर्म परिवर्तन होइन सम्प्रदाय परिवर्तन हो । कोही हिन्दूले कुनै मुसलमानलाई हिन्दू वनाउँछ या कुनै मुसलमानले कुनै हिन्दूलाई मुसलमान बनाउँछ भने त्यो धर्म परिवर्तन होइन । किन भने विश्वमा रहेका कुनै पनि सम्प्रदाय भित्र असल मान्छे पनि छन्, खराब मान्छे पनि छन् । चोर, डाँका, फटाहा, उचक्का देखि पंडित, साधु, सन्तसम्म छन् । जब राम्रा नराम्रा सबै सम्प्रदायमा छन् भने त्यहाँ धर्म परिवर्तन को अर्थ के ? धर्म परिवर्तन हुन मान्छेको स्वभावमा परिवर्तन हुनुपर्छ । मान्छे आफ्नो भलाई चाहनेले अर्काको भलाई विथोल्न हुन्न भन्ने बुझेको हुनुपर्छ । एकजना डाँकाले डाँका दाल्ने पेशा छोडेर साधुसन्तको जीवन निर्वाह गर्छ भने त्यसको धर्म स्वभाव जीवन जिउने पद्धतीमा आमूल परिवर्तन भएको



Downloaded from http://www.dhamma.digital

मानिन्छ र त्यसको धर्म परिवर्तन भएको मानिन्छ। एकजना फटाहा व्यक्ति अर्को सम्प्रदायमा गएर पनि फत्याइँ नै गर्छ भने त्यहाँ धर्म परिवर्तन होइन सम्प्रदाय परिवर्तन भएको हुन्छ, त्यसलाई धर्म परिवर्तन भन्न मिल्दैन। यस अर्थ र सन्दर्भमा आज धर्मलाई मान्छेले आफ्ना निहित स्वार्थका लागि सम्प्रदायसँग जोडेर संवेदनशीलताको लेप लगाएर जुन विवाद खडा गर्ने गरिएको छ त्यो सरासर सनातन सत्य माथिको अतिक्रमण हो।

भूमि मात्र भूमि हो। कुनै पनि भूमि ईसाई, जैन, बौद्ध, हिन्दू मुस्लिम हुँदैन। समयको कालचक्र भित्र बुद्ध जन्मेको भूमिमा नावातामे मार्ने हत्यारापनि जन्मन सक्छ। रामले राज्य गरेको भारत भूमिमा महात्मा गान्धी मार्ने गोत्से पनि जन्मन सक्छ। मानिसको संवेदनशीलता मान्छेको मन र भावनासँग हुनुपर्छ भूमिसंग होइन। भूमि सदा पवित्र छ समतामा स्थापित त्यो पवित्रता र समता मान्छेले आफ्नो चित्तको स्वभाव भित्र ल्याउन सक्नु पर्छ। यही भूमिले बुद्ध जन्मायो, यही भूमिले कृष्ण जन्मायो। यही धरतीमा ईसा मसिहा जन्म्यो, यही धरतीमा पैगम्बर मोहम्मद जन्म्यो। यही धरतीमा गुरु नानक जन्म्यो। यही धरतीमा तीर्थङ्कर महावीर जन्म्यो। तिनीहरू सबैले आफ्नो चित्तको स्वभाव पहिचान गरे। सबै राग द्वेष जनित विकारबाट माथि उठे र सबैलाई वान्धुत्वको शिक्षा दिए। दया, मैत्री, प्रेम, अहिंसाको शिक्षा दिए। तर आज त्यही धरतीमा जन्मेका मान्छे आज तिनैका नाममा विवादमा अल्झिएर संवेदनशिलताको नाममा आफ्ना अहं अभिष्ट पूरा गर्न जे पनि गर्न पछि परिरहेका छैनन्। यसलाई एउटा काल खण्डले चेतम शील मानव मस्तिष्कको उपहास गरिरहेको बुझ्न सकिन्छ।

वर्तमानमा, खबर पत्रिकाहरूमा हिन्दू-बौद्ध सम्मेलन बारे वाद विवादहरू छापिएका पाइएका छन्। जसले धर्मलाई साक्षात्कार गरिसकेका हुन्छन् तिनीहरू विवादमा अल्झिन्नन्। सिद्धार्थ गौतम बुद्धले एक ठाऊँमा भन्नु भएको छ- "भिक्षुहरू! तथागत लोक सित विवाद गर्दैन लोक नै तथागतसँग विवाद गरिरहन्छ।" यो सत्य आज पनि सत्य नै छ। जसले धर्मलाई बुझ्छ उसले धारण गर्ने अभ्यास गर्छ। धारण गर्छ। जसले धर्मलाई बुझेको हुन्न उसले धार्मिक हुनुको स्वाङ्ग मात्र गरिरहेको हुन्छ र अनेक वाद विवादद्वारा आफ्नो पहिचान बनाई राख्न खोज्छ। आज भोलि देखा परिरहेको हिन्दू, बौद्ध सम्मेलन धर्म परिवर्तन र यसले उब्जाएको विवाद यस्तै एउटा स्वाङ्ग मध्यको एउटा स्वाङ्ग हो।

एउटा कथा छ - कुनै एउटा मगर गाऊँ रहेछ। एकजना मगरको घरमा पाहुना लागेछ। थाल बटुको नपुग भएपछि नजिकैको एउटा कुलीन परिवारबाट केही थाल बटुको ल्याईएछ। पाहुना पात उम्काई सकिएको पनि थिएन छिमेकी कहाँबाट ल्याइएको थाल बटुकोमा सुँगुरको मासु राखेर खुवाइएको कुरा छिमेकी कहाँ पुगेछ। सुँगुर छुँदा मात्र पनि जात जाने कूलीन समाज झन आफूकहाँबाट लगेको काँचको थालमा सुँगुरको मासु पस्केर दिए भन्दा परिवार का नाइके हुन सम्म आगो भए। उनले क्रोधमा आउ देखेन न ताऊ। थाल बटुको बुझाउन आउने विचरो मगरलाई हपार्न सम्म हपार्दै भने- "तँ बदमास मगर! तैंले मेरो थालमा सुँगुरको मासु पस्केर ख्वाउने? पख बदमास तेरो घरबाट पनि थाल बटुको ल्याएर म अखाद्य पदार्थ राखेर ख्वाई दिन्छु! त्यसपछि देख्लास्!"

यो सत्य घटना होइन। अहंकार द्वेषमा मानिसको विवेक र बुद्धि कसरी हराउँदो रहेछ? राग रंजित र द्वेष दुषित हुँदा मान्छेको चित्तको स्वभाव कस्तो हुँदो रहेछ, एउटा उदाहरण मात्र हो। यस्ता परम्परा मान्यता र संस्कारबाट संस्कारित सभा-सम्मेलनले मान्छेलाई दिन्छ नै के? मान्छेले पाउँछ नै के? सिवाय विवाद दुस्मनी, झगडा र साम्प्रदायीक तनाव! "त्यसैले यस्ता सभा सम्मेलन र विवादलाई सन्निपात ग्रस्त मानसिकताको संज्ञादिनु अनुपयुक्त होला र?

२०५६/६/८

# तपाईँको प्रश्न, आचार्य सत्यनारायण गोयन्काज्यूको जवाफ

गत २०५७ बैशाख २० गते का दिन धर्मोदय सभाको आयोजनामा प्रज्ञा भवनमा विश्व विपश्यनाचार्य श्री सत्यनारायण गोयन्काज्यूबाट "बुद्धको सर्वजनीन शिक्षा" विषयमा प्रवचन कार्यक्रम गरियो । उक्त कार्यक्रममा प्रवचन सकिए पछि जिज्ञासु श्रोताहरूको विभिन्न प्रश्नहरूको जवाफ पनि आचार्य सत्यनारायण गोयन्काज्यूबाट दिनुभयो । धेरै प्रश्नहरू सोधिएकोमा केही उल्लेखनीय प्रश्न र जवाफलाई यहाँ प्रस्तुत गरिएको छ ।

**प्रश्न : बुद्ध धर्ममा १५०० वर्ष अघिदेखि नै बुद्धको मौलिक शिक्षासँग नमिल्ने धेरै कुराहरू मिश्रित भईसकेको छ, त्यसको कारण के हो ?**

उत्तर : त्यस समयमा विपस्सना लोप भएर रहेकोले हुन सक्छ ।

**प्रश्न : 'आर्य' को हो अर्थात कसलाई आर्य भनिन्छ ?**

उत्तर : चतुआर्य सत्य परिज्ञान प्राप्त नभए सम्म आर्य भनिंन्दैन । चतुआर्य सत्यलाई यथार्थ रुपमा बुझी सकेकोलाई नै आर्य भनिन्छ ।

**प्रश्न : 'निर्वाण' भनेको के हो ?**

उत्तर : निर्वाण इन्द्रिय भन्दा बाहिरको हो । यो अनुभवको विषय हो । शब्दले वर्णन गर्न सकिंदैन ।

**प्रश्न : पुनर्जन्म छ के ? मलाई पुनर्जन्ममा विश्वास लाग्दैन ।**

उत्तर : पुनर्जन्मलाई मान्दैनौ भने ठीक छ, नमान । यो जन्मको सुधार गर । अर्को जन्मको चिन्ता नगर । बुद्ध भन्नुहुन्छ- यो जन्मको सुधार गर ।

**प्रश्न : बुद्ध धर्म ठूलो कि अरु धर्म ?**

उत्तर : भगवान बुद्धले बुद्ध धर्म सिकाउनु भएन । उहाँले त मात्र 'धर्म' सिकाउनु भयो । इगतपुरिमा गरिएको एउटा अनुसन्धानबाट थाहा भएको छ 'बौद्ध' बुद्ध धर्म भन्ने शब्द बुद्ध परिनिर्वाणको ५०० वर्ष पछि मात्र प्रयोग गरियो ।

**प्रश्न : 'मन' र 'चित्त' मा के फरक छ ?**

उत्तर : यी दुइवटा मात्र शब्दमा फरक छ । साधना गर । आफै थाहा हुन्छ ।

**प्रश्न : हामीले 'रामायण' र 'महाभारत'को कुरा मान्ने कि नमान्ने ?**

उत्तर : रामायण, महाभारतमा पनि राम्रो कुरा छ भने, चित्त शुद्ध गर्ने कुरा छ भने स्वीकार गर । धर्म ग्रन्थ कुनै होस् असल कुरा भए स्वीकार गर्न सकिन्छ ।

**प्रश्न : हिन्दूहरूले बुद्धलाई विष्णुको नवौं अवतार भन्छन् । के यो ठीक हो ?**

उत्तर : बुद्ध अवतार त हो तर धर्मको अवतार हो । विवाद नगर, झगडा नगर, द्वेष नगर ।

**प्रश्न : बुद्ध मूर्ति पूजा गर्नु राम्रो कि नराम्रो ?**

उत्तर : बुद्ध मूर्ति पूजाको दोष तब हुन्छ जब बुद्ध पूजा गरेर केही भौतिक सुख मागिन्छ । बुद्ध मूर्तिलाई हेरेर बुद्ध, धर्म, संघको गुण अनुस्मरण गर्दा धेरै राम्रो हुन्छ ।

**प्रश्न : बुद्ध धर्मका तीन यान थेरवाद, महायान, बज्रयान एकै भएर मिल्नु जरुरी छ ?**

उत्तर : यान कुनै होस्, सम्प्रदाय कुनै होस्, धर्मावलम्बी कोही होस् ती एकै भएर मिल्नु जरुरी त छैन । बरु एक आपसमा झगडा हुनु हुँदैन, मैत्री हुनुपर्छ सम्प्रदाय जुनसुकै होस्, शील, समाधि, प्रज्ञा त्यसबाट छुट्टिनु हुँदैन । शील, समाधि, प्रज्ञा समावेश भएको छ भने कुनै पनि यान सही नै हो ।

***प्रस्तुती- रीना तुलाधर***



Downloaded from http://www.dhamma.digital

# सन्ध्या जुइ न्ह्योः

✍ भिक्षु सुशील

थुलि याकनं जीवनया निभाः
बी धैगु जिं सत्य मस्यू
तर छुयाये ई फ्वीत्ययेकाः आः
याये धाःसां छुं फुगु मखु ।

ई दत्तले छाय् जिगु नुगलय्
यायेमाः धैगु वये मफुगु ?
थौं जिं यायेमाः धैगु थुइकाः नं
ल्हाः तुति संके फुगु मखु ।

मस्यूगु मखु उगु इलय् नं
अय्नं मनयात त्याके मफु,
यायेमाः धैगु सीक सीकं नं
लाः नि धकाः गुलि ग्यंगु ।

लात्तले छुं याये मफयाः ख्वः जिं
थुकथं पस्ताय् चाये माःगु
ग्याः स्याः जुयाः भं जक विपत्ति
लाय् लाय् बुयाच्वंगु ।

छगू याये धात्तले मेगु स्यनीगु
याये धकाः नं धायेगु छु ?
न्ह्याक्व हे कष्ट फयेमाःसां नं
जन्म व्यर्थ फुकेमज्यू ।

जः ख्वः फुकभनं मत च्याये धुंकाः
छखा छैं जिगु जक हे स्युँ
ज्वलं फुकं ताःलाना च्वंसां
मत च्याके जिं फयाच्वंगु मदु ।

थुकथं स्वैतं पुथं मकयेमा
गुलि जि वाथावाथा कनाच्वना,
नुगः स्वैगु थुलि मस्वयेमा
नुगलं गुलि जि स्वयाच्वना ।

स्वबिया खुसि बाः हे न्ह्याः सां
स्वयमते धाः म्ह सु दु ?
इलं लाःबले छुं याये मफयाः
जीवन मत जिं च्याके मफु ।

गुलि गुलि लुमनी अतीतया स्वैं
उलि उलि हे भं कष्टकर
गुलि गुलि ह्ययेके थःत थमं
उलि उलि हाइ स्वबि भरभर ।

जीवन सन्ध्या जुइ न्ह्यव आःला
कुतः छुं छता याये हे माः
स्वैतं छुं बी मफतसा म्वाःल
लुधंकसां थः म्वाये फयेमाः

पिलिपिलि जक हे च्याये ब्यू किन्तु
जीवन मत जिं च्याके हे माः
सन्ध्यां थःगु गाब्लं त्वपुइ न्ह्योः
म्वानाया सवाः जिं इना बी माः

आश ध्व हे छताजक ल्यं दनि
थ्वैत पूर्वकेत न्ह्याये हे माः
न्ह्यज्यां वनेव ध्यनी धैगु
विश्वासया बः जिं काये हे माः ।

# धम्मपद या आधारे

✍ 'ज्योति' शाक्य, का.बु.

(ii)

(१२२) फुतिफुति लःधाः जूसां घःजा
धाःगु खँ थुइकाः मनं खनाः
भति भति जूसां सुकर्म यानाः
जुयेनु भ्भी नं पुण्य मुनाः ॥

(११६) पुण्य यायेगु लिपा लायेवं
पापं जक थाय् काय्फु मने
बुद्धवचं थुलि थुइका फक्वनं
पुण्यया रत्न मुना च्वने ॥

(१२४) ल्हाती घाः छुं मदुसा विष हे
थ्यूसां विष छुं लगे मजू
मभिंगु कर्म छुं याःगु मदुसा
पापं थी नं फइगु मखु ॥

(१७३) थःगु पाप फुक्क कुशलगु कर्मं
ल्हानाः त्वपुई फइ गुम्हसें
सुपाचं पिलुम्ह तिमिला क्यं थें
लोके प्रकाश क्यं उम्हसें ॥

(ii)

(१) बुद्धया वाणी न्यनाव भ्भीसँ
शान्तिया लँय् जुये सय्काः
सकस्या कल्याण जुइगु खँ थुइकाः
जुयेनु ज्ञां-मिखा चाय्काः ॥

(५) वैरया पलेसा वैर हे यानाः
जुइमखु वैरया अन्त
मैत्री - प्रेमं जक हे जुइ खः
वैर-भावना शान्त ॥१॥

(२७०) प्राणी स्याय्गु ज्या याना जुलसा
धाइ मखु आर्य वयात
हिंसादि कर्म मयाइम्ह जक हे
धायल्वः आर्य वयात ॥२॥

(१३०) दण्ड व मृत्यु खनाव सकलें
ग्याना थरथर खाइगु
प्राणी फुक हे समान भाःपा
तोते स्याय्गु व स्याक्यगु ॥३॥

(२२५) जुया अहिंसक कुशलाचरणं
संयम शीले च्वंम्ह
पतन मजुइगु थासय् हे थ्यंकाः
जूवनी शोक मदुम्ह ॥४॥

# बौद्ध धर्मको श्रमण परम्परा

✍ ब. आ. कनकद्वीप

आज भन्दा २५४३-४४ वर्ष पहिला भगवान् गौतम बुद्धले मानव जातिको दु:खद जीवन उद्धार गर्नको लागि बताउनु भएको बौद्ध धर्म (मानवतावादको सिद्धान्त) श्रमण परम्पराबाट आइरहेको छ ।

त्यसबेलाको उपदेश संग्रह आजभोली "त्रिपिटक" पुस्तकमा संगालिएको छ । अनि त्यस धर्म र परम्परालाई श्रुति परम्परा भनिन्छ ।

यो अरु धर्म जस्तै भक्ति परम्परा होइन । बुद्धको श्रमणहरू (श्रोताहरू) बुद्धले भन्नु भए जस्तै प्रव्रजित पनि हुनु भए । उहाँहरू बुद्धको दु:ख, अनित्य, अनात्म सिद्धान्त प्रचार प्रसार गर्नको लागि आफ्नो घर त्यागी जन्मभर वहुजन हितका लागि घुम्दै चारिका गर्दै हिंड्ने भए । बुद्ध परिनिर्वाण भइसकेपछि बुद्ध सिद्धान्त अपनाउने व्यक्तिहरू मध्ये श्रावकयानीहरू बाहेक महायानीहरू पनि देखापर्दै आए । अनि ती महायानीहरूले बहुजन हितको लागी भन्नुभन्दा "सर्वजन हिताय" भन्नु पर्ने कुरामा जोड दिन थाले ।

यस लेखको मुख्य उद्देश्य बुद्ध धर्म भक्तिमार्ग होइन भन्ने कुरो स्पष्ट पार्नु हो । किनभने बज्रयान को उदय भएपछि बौद्ध धर्मलाई पनि तन्त्र मन्त्रमा गाभिदियो । तन्त्र मन्त्र भनेको नै उपासना हो, उपासना भनेको नै भक्ति मार्ग र अन्धविश्वासको कुरो हो ।

हुनत, बौद्ध धर्ममा बज्रयान आई बुद्धले "बहुजन हिताय" भन्नु भएजस्तै बज्रयानीहरूले पनि "प्राणीमात्रको हित" गर्नको लागि बज्रयान भनिएको छ । त्यसो भएपनि कसरी प्राणीमात्रको हित गर्ने हो भन्ने विषयमा त्यसबारे उपाय केही बताइएको छैन ।

हिन्दू विधिको नक्कल गर्दै होम (यज्ञ योगादि) सहित गाभेर बज्रयानीहरूले यो पनि बुद्ध धर्म हो भनी भ्रम पैदा गरि दिएको हुनाले नेपालमा पनि ईशवर प्रति अगाढ आस्था (आत्मवाद), जातिपाति, विहार, विहारलाई पनि देवस्थल (मूर्ति पूजा गर्ने स्थल) बनाईदिए । हिंसा (बलि) पनि शुरु भए । सुरापानको अभ्यास (पंचमकार) पनि आए ।

त्यसो भएपनि बज्रयानी बज्राचार्यहरूले यस कुरोलाई बौद्ध धर्म होइन भनेन । त्यसैले यसलाई सहजयान भन्ने नामाकरण गरियो ।

त्यसैले यस बज्रयानले स्तुति साहित्यलाई प्रस्तुत गरे । पहिला त बौद्ध स्तोत्रको रुपमा बोधिचर्यावतार मात्र आएको हो । बोधि शब्दलाई बिगारेर अवतारवाद मिसाइदिंदा बुद्धको नाममा विष्णु सहश्रनाम भने जस्तै बुद्धलाई अलौकिक कल्पना गर्न मिल्यो ।

अनि सिद्धार्थ गौतम बुद्ध भन्दा लाखौं वर्ष पहिले असंख्य बुद्धहरू यस संसारमा आइसकेको झूठो कुरा प्रचारमा ल्याए ।

अनि फेरि जीवनलाई टेवा दिंदै अवदान कथाहरू पनि प्रस्तुत गरे । हाम्रो मौलिक बौद्ध धर्ममा मिसाइएका प्रार्थना स्तोत्रलाई ल्हासाका बौद्धहरूले पनि यसरी नै अपनाए ।

बुद्ध भगवानहरूको शरणमा जाऔं ।
सांमे च्वोम् देन् हे नामला क्याव सु छ्वी वो ।
(महायान त्रिशरण गमन)

यहाँ धेरै भगवानहरू कहाँबाट आए !
प्रार्थना गरौं अवलोकितेश्वरलाई
सोलवा देव सो नमा च्यन रे दिग
(महसिद्धा स्वेत पद्म)

यस्ता थुप्रै उदाहरणहरू छन् । बौद्ध सिद्धान्त अनात्मवादलाई बांगो टिंगो पारी हिन्दुधर्मको तेतिसकोटी देवताहरू जस्तै अवलोकितेश्वर इत्यादि (कल्ट) देवताहरू बनाई बज्रयानले (महायानले पनि) भ्रम पैदा गरिदिएकोले अब मैत्रेय बोधिसत्त्वको पनि उदय भयो । त्यसैले अब बौद्ध धर्म कठिन बन्दै गएको छ । यसरी बौद्ध धर्मलाई फन फन घुमाइसकेर पनि बौद्ध धर्मको प्रमुख कुरो हेतुवाद नै हो । हेतुवादको श्लोक पढी लावाले देवता पूजा गर्ने मात्र होइन ।

अर्को प्रतित्य समुत्पाद (भव चक्र) को व्याख्या हो । बोधिज्ञान हो । कुशलकर्म हो । अभिधम्म हो । चेतनाको ब्याख्या हो । ध्यान हो । चतुआर्य सत्य, आर्य अष्टांगिक मार्ग र चतुब्रह्म विहार हो ।

त्यसपछि विनय हो ।

त्यसो भएपनि यस सिद्धान्तहरूलाई एकातिर राखी बौद्ध धर्म मान्नेहरूले महायानमा स्तुप पुजन र शून्यवादको थप कुरा बनाई बौद्ध धर्मलाई भ्रममा पारिसकेकोले अब



Downloaded from http://www.dhamma.digital

हिन्दुहरूलाई पनि बौद्ध धर्म र सिद्धान्त भनेको उस्तै उस्तै हो भन्न लगाइयो ।

बरु यस कुरोलाई भूठो नभनी बज्राचार्य पुरोहितहरूले हामीले अभ्यास गरिरहेको विधि विधानहरू हिन्दुहरूको भन्दा माथिल्लो विधि विधान हो भन्ने भनाई राख्दैछन् ।

त्यति मात्र होइन हिन्दु धर्मको संगसंगै गाभिएको पाँच खाद्य परिकारलाई पनि पंच पांडव र आठ प्रकारका खाद्य परिकारलाई अष्टमात्रिका भन्दै आफु आफ्नै घरमा बिलाइरहेको छ ।

त्यसैले बौद्ध धर्मको करुणालाई समेत बौद्धहरूले बुझ्न छोडे । महाकारुणिक बुद्धको दर्शनलाई देवताको नकाव लगाइदिए। त्यसैले यो धर्म श्रमण धर्म हो। भक्तिको उद्देश्यले अभ्यास गर्ने हो । जीवनमा पंचशील संधै पालन गर्नुपर्छ । जीवन भर शील प्रार्थना गर्नु पालन नगर्नको लागि होइन । श्रमण धर्म जान्ने ब्यक्तिले मात्र अरुलाई बुझाउनु पर्छ नजान्नेले सुन्नु पर्छ। धर्माधिकारीहरूलाई यो धर्ममा कहिं पनि पाखण्डी बन्ने ठाउँ छैन ।

■

## सिद्धार्थ विश्वविद्यालयको शिलान्यास

स्थान - नाला, काभ्रे जिल्ला, मिति - २०५७ जेठ २१ गते।

नाला, उग्रचण्डी गा.वि.स. वार्ड नं ४ स्थित सार्वजनिक जग्गामा बन्न गइरहेको सिद्धार्थ विश्व विद्यालयको शिलान्यास गरिएको समाचार प्राप्त भएको छ।

उग्रचण्डी गा.वि.स.को जिल्ला वन कार्यालय अन्तर्गत रहेको करीव १६ सय रोपनीको ६ रोपनी खण्डमा बन्न लागेको सिद्धार्थ विश्व विद्यालयको उक्त पहिलो खण्ड डा. भिक्षु सुनन्दले एक कार्यक्रम विच शिलान्यास गर्नुभएको थियो ।

लामा गुरुहरूबाट पाठ गरिएको उक्त शिलान्यास कार्यक्रमको सभापतित्त्व डा. भिक्षु सुनन्दले गर्नु भएको थियो ।

उक्त कार्यक्रममा सांसदहरू शिवप्रसाद हुमागाई, लेखनाथ आचार्य, शिवबहादुर देउजा, राष्ट्रिय सभाकी सांसद श्रीमती शारदा पोखरेल, श्रीलंकाका राजदूत, म्यान्माका राजदूतका प्रतिनिधिहरूको पनि उपस्थिति थियो ।

टुकुचा गा.वि.स.का अध्यक्षले स्वागत गर्नु भएको उक्त कार्यक्रममा गुम्वा व्यवस्था तथा विकास समितिका सदस्य सचिव बिद्यासागर योञ्जन, सांसद श्रीमती शारदा पोखरेल, सांसद शिव हुमागाई लगायतका वक्ताहरूले पनि बोल्नु भएको थियो ।

स्मरणिय छ ठमेल निवासी शारदा देवी कायस्थले आफ्नी आमा स्व.राममाया श्रेष्ठको नामबाट उक्त विश्वबिद्यालय निर्माणको लागि १ लाख ५ रुपैंया सहयोग स्वरूप दिइने वचन ब्यक्त गर्नु भएको कुरा थाहा हुन आएको छ ।

## धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू

**क्र.सं. ३२५**

**राजेन्द्र बज्राचार्य**
ल.पु. बुबहाल
रु. १०००/-

**क्र.सं. ३२६**

**तेज बज्र बज्राचार्य**
ल.पु. क्वालखु
रु. १०००/-

**क्र.सं. ३२७**

**पूर्ण राज शाक्य**
ल.पु. नायलखु (नागवहाल)
रु. १०००/-

**क्र.सं. ३२८**

**न्हुच्छे साहु मानन्धर**
जगाती भक्तपुर
रु. १००१/-

**क्र.सं. ३२९**


**सानु किरण श्रेष्ठ**
न्हैकंतल्ला, असन
रु. १०२०/-

**क्र.सं. ३३०**

**बेखा रत्न राज कर्णिकार**
सात दोबाटो, ढलोट कार्याशाला चोक
वडा नं- १५ ललितपुर
रु. १००५/-

# नगर प्रमुख श्री सागर प्रताप राणाज्यूको सराहनीय काम

विक्रम सम्बत् २०५५ लाई नेपालको बौद्ध धर्मको इतिहासमा अति महत्वपूर्ण सालको रुपमा लिन सकिन्छ । यो साललाई यसरी महत्वपूर्ण सालको रुपमा लिन सकिनुको कारण हो यही सालमा नेपालको अति पावन बौद्ध तीर्थ स्थल लुम्बिनीमा पहिलो पटक सरकारी तहबाट अन्तरराष्ट्रिय स्तरको बौद्ध शिखर सम्मेलनको आयोजना गरिनु । यसरी अन्तरराष्ट्रिय स्तरमा आयोजना गरिएका यस बौद्ध शिखर सम्मेलनमा मैले पनि सम्मेलन व्यवस्थापन समितिको कार्यकर्ताको रुपमा भाग लिन पाएको थिएं र यो मेरो लागि अति खुशिलाग्ने कुरा पनि थियो । सम्मेलन व्यवस्थापनको सिलसिलामा आवश्यक सामानहरू खरिद गर्न मलाई बराबर लुम्बिनी वाटिकाको प्रवेशद्वारको रुपमा रहेको रुपन्देही जिल्लाको सिद्धार्थ नगरमा आवत जावत गर्नु पर्दथ्यो । यसरी आवत जावत गर्ने क्रममा मलाई सिद्धार्थ नगरमा केही कुरा अभाव रहेको जस्तो महशुस हुन्थ्यो । मलाई यो कुरा त्यसबेला महशुस भयो जसबेला मैले पंचायत व्यवस्थाले पचीस वसन्त पार गरेको उपलक्ष्यमा सिद्धार्थ नगरको एक सडक मोडमा ठड्याइएको पंचायत रजत स्तम्भको माथि खाली रहेको ठाउं देख्ने मौका पाएं । मलाई लाग्यो पंचायत रजत जयन्ती स्तम्भ माथि खाली रहेको त्यस ठाउंमा केही महत्वपूर्ण वस्तु थप्न सकिन्छ कि भनेर ।



*लेखकः बखत बहादुर चित्रकार*

बौद्ध शिखर सम्मेलनको समाप्तिपछि सिद्धार्थ नगर घुम्ने क्रममा एक दिन मैले अन्तरराष्ट्रिय स्तरमा नाम कमाइसक्नु भएका नेपाली भिक्षुणी (अनगारिका) श्रद्धेय धम्मवती गुरुमांलाई साथ दिने (escort) मौका पाएँ । यस मौकामा मैले श्रद्धेय गुरुमांसंग आफ्नो मनमा खटकिरहेको कुरालाई कोट्याउदै "यस पंचायत रजत स्तम्भको माथितिर खाली रहेको ठाउंमा केही कुरा थप्न पाए वेश हुन्थ्यो कि ?" भनी आफूलाई लागेको कुरा प्रष्ट पारें पनि । गुरुमांले पनि "ज्यादै राम्रो कुरा सोच्नु भएको रहेछ, मलाई पनि त्यस्तै लाग्दछ" भनी जवाफ दिनु भयो । जवाफ दिने क्रममा लुम्बिनीको प्रवेशद्वारको रुपमा रहेको नगर भएको हुंदा सिद्धार्थ नगरको यस स्तम्भमा लुम्बिनी भ्रमणमा पाल्नु हुने पर्यटक र तीर्थयात्रीहरूलाई समेत प्रभाव पार्ने गरी भगवान गौतम बुद्धको कुनै पनि प्रकारको प्रतिमा स्थापना गर्न पाए बढी उपयुक्त हुने कुरा पनि संकेत गर्नु भयो । गुरुमांको यो सुझाव अति उपयुक्त लागेकोले त्यसै बेला देखि यसको लागि केही कदम चाल्न सकिन्छ कि भन्ने कुरा सोच्दै थिएं ।

विश्वको सर्वोच्च संस्था संयुक्त राष्ट्र संघले समेत अति पावन स्थल भनी घोषणा गरेको लुम्बिनी क्षेत्रको विकासमा नेपाली जनता आफैको पनि सहभागिता रहनु पर्दछ भन्ने धारणा ममा धेरै पहिले देखि रही आएको थियो । यस धारणालाई मूर्त रुप दिन म आफ्ना साथीहरूका साथ, चित्रकार समाजका अध्यक्ष भएको कारण विशेषगरेर, चित्रकार साथीहरूका साथ, बरावर लुम्बिनीमा गइरहन्थें । यसरी जाने क्रममा कहिले हामी लुम्बिनी वाटिकामा वृक्षारोपण गरी यसको विकासमा सहभागी हुन्थ्यौं भने कहिले गुरुमाँ धम्मवतीले तयार पार्नु भएको लुम्बिनी वाटिका भित्र प्रतिष्ठापन नेपाली विहार "गौतमी विहार" मा रहेका विभिन्न मूर्तिहरूलाई रंग लगाएर सिंगार्ने काम गर्दथ्यौं । यसरी लुम्बिनी जाने क्रममा एक दिन सिद्धार्थ नगर बास बसियो र पंचायत रजत स्तम्भ हेर्ने काम पनि भयो । यसरी हेर्ने क्रममा पंचायत रजत स्तम्भ माथितिर खाली रहेको ठाउंमा भगवान् बुद्धको पूर्ण कद (life size) को एक प्रतिमा उठाउन पाए राम्रो हुन्थ्यो भन्ने कुरा सोच्न पुगें । शहरको नाम नै भगवान बुद्धले बुद्धत्व प्राप्त गर्नु अगाडिको नाम अर्थात् राजकुमार सिद्धार्थ संग जोडिएको हुंदा भगवान् बुद्धलाई राजकुमार सिद्धार्थकै रुपमा यहां प्रस्तुत गर्न पाए हुन्थ्यो भन्ने भावना मेरो मनमा जागरण भयो ।

आफ्नो मनमा जागरण भएको भावनालाई मूर्त रुप दिन म काठमाडौं फर्के । काठमाडौ फर्केको भोलिपल्टै राजकुमार सिद्धार्थको प्रतिमा (मूर्ति) बनाउन लगाउने सिलसिलामा देशभरी ख्याती कमाइ सक्नु भएका मूर्तिकार (कलाकार) श्री अमर चित्रकार कहां पुगें र आफ्नो विचार प्रस्तुत गरें पनि । श्री अमर चित्रकार



Downloaded from http://www.dhamma.digital

त्यसबेला धेरै हदमा अस्वस्थ र कमजोर हुनुहुन्थ्यो । यस्तो अस्वस्थ र कमजोर अवस्थामा पनि उहांले भीमसेन थापा र भूपाल मानसिंह कार्कीका प्रतिमाहरू बनाउने काम जिम्मा लिइराख्नु भएको थियो । यसैले उहांले मेरो योजनालाई अति राम्रो भनी सहमति जनाउनु भए तापनि उहांसंग यस काममा संलग्न हुन सक्ने क्षमता भने थिएन । यसैले उहांले सिद्धार्थ राजकुमारको प्रतिमा बनाउने कुरा जिम्मा लिन नसक्ने कुरा जानकारी दिनुभयो पनि । यस भेटघाटको करिव तीन दिन पछि श्री अमर चित्रकारले मलाई बोलाउन पठाउनु भयो र कुन्नी के कारणले हो, आफू सिद्धार्थ राजकुमारको प्रतिमा बनाउन तयार रहेको कुरा जानकारी दिनु भयो । यस्तो अस्वस्थ र कमजोर अवस्थामा पनि उहांले यसरी सिद्धार्थ राजकुमारको प्रतिमा बनाउनु तयार हुनुको कारण, मलाई लाग्दछ, उहांलाई आफ्नो मरणको घडिमा सिद्धार्थ बुद्धको प्रतिमा तयार पार्दै यसैको सम्भनामा जीवन परित्याग गर्न सकिन्छ कि भन्ने धारणा रहेको हुनु पर्दछ । यसैले उहांसंग ६ लाख रुपैयाँमा प्रतिमा तयार गर्ने कुरामा सम्भौता गरी घर फर्के ।

प्रतिमा तयार गर्ने कुरा निश्चित भए तापनि प्रतिमा स्थापना गर्ने काम भने सजिलो थिएन । यसको लागि पहिलो पूरा गर्नु पर्ने काम हो सम्बन्धित नगर पालीकाबाट स्वीकृति लिनु । यही कुरालाई विचार गरेर तीन चार दिन पछि म सिद्धार्थनगर पुगें र प्रतिमा स्थापना गर्ने कामको सिलसिलामा त्यहाँको नगर प्रमुख (Mayor) श्री सागर प्रताप राणाज्यू संग भेट्न पुगें । नगर प्रमुख श्री राणा ज्यादै भद्र र फरासिलो व्यक्ति हुनुहुन्थ्यो । मेरो प्रस्तावलाई सुनेर उहाँले खुशी हुँदै थप्नु भयो "हामीले लुम्बिनीको गौरव बढोस् भनेर नै यस क्षेत्रको नाम भैरहवा नगर पालीकालाई बदली सिद्धार्थनगर नगर पालीका नामाकरण गरेका हौं । लुम्बिनीको प्रवेशद्वारको रुपमा रहेको यस सिद्धार्थ नगर स्थित पंचायत रजत स्तम्भको माथि नगरको नामसंग सुहाउँने गरी प्रतिमा स्थापना गर्ने काम अति उपयुक्त देखिन्छ" भनी सहमति जनाउनु भयो या भनौं स्वीकृति दिनु भयो । स्वीकृति दिने क्रममा प्रतिमा नेपालका वरिष्ठ मूर्तिकार श्री अमर चित्रकारबाट हुने कुरा जानकारी पाए पछि उहां अभ्र बढी दंग पर्नु भयो किनकी उहाँले श्री चित्रकारद्वारा तयार भएका सबैजसो प्रतिमाहरू उत्कृष्ट कोटीमा रहेको कुरा अनुभव गर्नु भएको थियो । यसै क्रममा उहांले प्रतिमाको निर्माणमा लाग्ने रकम ६ लाख मध्ये चार लाख नगर पालीका मार्फत व्यहोर्ने गरी नगर पालीका बोर्डबाट निर्णय पनि गराउनु भयो । यसले गर्दा चित्रकार समाजलाई बाकी दुइ लाखको लागि चन्दा संकलन गरे पुग्ने भयो ।

प्रतिमा निर्माणको लागि आवश्यक पर्ने रकम जुटाउने तथा प्रतिमा स्थापना गर्ने स्थलको टुंगो लागि सकिए पनि प्रतिमा कस्तो बनाउने भन्ने कुरामा अर्को भ्रण्भ्रट उठन पुग्यो । सिद्धार्थ राजकुमारको प्रतिमा बनाउँदा धेरैजसो बौद्ध विद्वान तथा भिक्षुहरूको धारणा बुद्धले जन्म ग्रहण गर्दा दाहिने हातको चोर औंला उठाइरहेको संकेत गर्दै प्रतिमा निर्माण गर्नु पर्दछ भन्ने थियो । पुरातनपन्थीहरूको विचारमा यस प्रकार बनाइएको प्रतिमा ज्यादै उपयुक्त जँचिन्थ्यो किनकि यस मूर्तिले ललितविस्तरमा उल्लेख भए अनुसार "अगोड्हं लोकस्स..........अर्थात् म लोकमा सर्बश्रेष्ठ हुं" भन्ने बुद्धको पौराणिक वचनलाई सम्भाउने काम गर्न सक्दथ्यो । यही धारणाको प्रतिनिधित्व गर्दै म पुगें श्री अमर चित्रकार कहाँ । तर श्री अमर चित्रकारले "म जस्तो उच्च जीव अरु कोही छैन" यस्ता प्रतिमाले बुद्धलाई जंग बहादुरसंग तुलना गर्नुपर्ने हुन्छ, यसैले यस्तो प्रतिमा उपयुक्त हुदैन भन्ने कुराको जानकारी दिनु भयो । उहांले भगवान् बुद्ध शान्तिको प्रतीक भएकोले शान्तिलाई भ्रल्काउने गरी अभय मुद्रा सहीतको प्रतिमा बनाउनु पर्ने कुरामा जोड दिनु भयो । यसै सन्दर्भमा उहांले विक्रम सम्बत् २०१४ साल तिर बर्मा पठाउनको लागि स्वर्गवासी श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहबाट बक्सेको निर्देशन बमोजिम बनाइएको प्रतिमा पनि अभय मुद्राकै रहेको कुरा जानकारी दिनु भयो । प्रतिमा निर्माणको क्रममा मुद्रा सम्वन्धी धारणाले म केही असमंजसमा परें । यसैले यस बारे सल्लाह लिन बरिष्ठ श्रद्धेय भिक्षु अश्वघोषज्यू कहां गई आफूमा रहेको असमंजता प्रकट गरें । श्रद्धेय अश्वघोषज्यूले पनि बुद्धलाई आधुनिक समयमा आएर पुरातनपन्थी विचारमा ढाल्न नहुने कुरा जानकारी दिंदै श्री अमर चित्रकारकै कुरामा सहमति जनाउनु भयो ।

श्रद्धेय भिक्षु अश्वघोषज्यूको सल्लाहलाई शिरोपर गर्दै प्रतिमा निर्माण कार्यको लागि म श्री अमर

चित्रकार कहां पुगें र उहांकै कुरामा सहमति जनाएँ। श्री अमर चित्रकार ज्यादै विरामी र कमजोर अवस्थामा रहनु भएको र म उहाँकै एक इष्टमित्र पनि भएको नाताले प्रतिमा निर्माणको कार्यमा सहयोग गर्न पुगें। मैले यसरी सहयोग गर्न पुग्नको कारण उहांले आफ्नो देह विर्सजन गर्नु अगाडि प्रतिमा निर्माणको कार्य सम्पन्न होस् भन्ने थियो। उहांको शरीरको प्रकृति देखेर पनि मलाई यस्तो गर्न बाध्य पारेको थियो। यसै सिलसिलामा उहांकै साथ बसेर मैनको नमूना (Model) तयार पार्ने काम भयो। नमूनालाई ढलान गर्न आवश्यक पर्ने सामानहरू पनि जोरजाम गरियो। तर ज्यादै दु:खको कुरा, प्रतिमा ढलान गर्ने कार्य पूरा हुन नपाउँदै श्री अमर चित्रकारले आफ्नो देह विसर्जन गर्नु भयो पनि। यसरी प्रतिमा ढलानको कार्यलाई अधूरो छोडेर उहांले देह विसर्जन गर्नुमा, मलाई लाग्दछ, उहांले भावी जन्ममा आएर पनि यो भन्दा विशाल बुद्ध प्रतिमा निर्माण गर्ने लक्ष्यलाई अंगालेको हुनु पर्दछ।

श्री अमर चित्रकारले देह विसर्जन गर्नु भए पछि उहाँद्वारा तयार भएको मैनको नमूनालाई पाटन को एक मित्र कहां लगि ढलान गर्ने कार्य सम्पन्न गरियो। प्रतिमा ढलान कार्य पूरा भए पछि यसलाई २०५७ सालको बैशाख पूर्णिमाको अवसरमा प्रतिष्ठापन गर्ने कुरा निधो गरियो। प्रतिमा प्रतिष्ठापनको लागि अर्को पावन दिन खोज्न गाह्रै पर्दथ्यो किनकि संयुक्त राष्ट्र संघले पनि यो दिनलाई अति पावन दिन सम्झी यसै वर्ष मात्र संसार भर बिदा मनाउन लगाउने भनी निर्णय गरेका थिए। यही कुरालाई लिएर सिद्धार्थनगर गई नगर प्रमुख श्री सागर प्रताप राणासंग पुन: भेट गर्ने काम गरें। भेटघाटको क्रममा सिद्धार्थनगर नगर पालीकाको वर्मिज चौक नगर पालीकाको केन्द्रविन्दू तथा लुम्बिनीको प्रवेशद्वारको रुपमा रहेको हुँदा सिद्धार्थ राजकुमारको प्रतिमा सोही चौकको मध्ये भागमा प्रतिष्ठापन गर्ने कुरा निधो गरियो। तर बर्मिज चौकको मध्य भागमा पहिले नै बुद्धको सानो प्रतिमा स्थापना भइसकेकोले यसलाई यहाँबाट सारी पंचायत रजत स्तम्भमाथि खडा गर्ने र यस स्थानमा नयाँ बुद्ध मूर्ति प्रतिष्ठापन गर्ने कुरा निर्णय गरियो। साथै यही निर्णय बमोजिम २०५७ साल जेठ ५ गते विहीवार प्रतिमाको अनावरण गर्ने गरी यहां प्रतिमा प्रतिष्ठापन गर्ने कार्य गरियो।

२०५७ साल जेठ ५ गते बिहीबार बिहान सिद्धार्थनगरमा प्रतिमा अनावरणको लागि नगर पालीकाको तर्फबाट एक भव्य कार्यक्रमको आयोजना भयो। कार्यक्रममा स्थानीय पदाधिकारी तथा बुद्धिजीवीहरू, लामा बौद्धसंघ तथा अन्य जिल्लाबाट पाल्नु भएका बौद्ध धर्मावलम्बीहरूले सहभागीता जनाएका थिए। सो कार्यक्रममा सहभागिता जनाउन काठमाडौंबाट चित्रकार समाजका ७० जनाको टोली जेठ ४ गते नै सिद्धार्थनगर पुगेका थिए। यसै अवसरमा सानो प्रतिमा सार्ने तथा नयां प्रतिमा खडा गर्ने काम पूरा भइसकेको थियो। अन्य जिल्लाबाट सहभागिता जनाउन पाल्नु हुने सबै यात्रीहरूको लागि बसोवास तथा खानाको व्यवस्था सिद्धार्थनगर नगर पालीकाले आफ्नै तर्फबाट आवश्यक व्यवस्था मिलाएका थिए। प्रतिमाको अनावरण जेठ ५ गते बिहीबार बिहान ९ बजेतिर नेपालमा अग्रगण्य स्थान ओगटने भिक्षु संघनायक श्रद्धेय अनिरुद्र महास्थविरको बाहुलीबाट सम्पन्न भएको थियो।

आफ्नो क्षेत्रलाई भगवान बुद्ध सिद्धार्थ राजकुमार भएको बेला राज भएको स्थलको रुपमा स्मरण गर्न भैरहवा नगर पालीकालाई सिद्धार्थनगर नगर पालीका नामाकरण गरिनु त्यसै पनि नगरको महत्वलाई बढाउने काम थियो। त्यस माथि पनि नगर पालीकाको चौराहमा नगरको नामसंग मिल्ने गरी सिद्धार्थ राजकुमारको यस प्रकारको प्रतिमा स्थापना गरिनु सिद्धार्थनगरको महत्वलाई अझ विकास र विकास गर्ने कार्य हो। यी दुवै कुराको श्रेय सिद्धार्थ नगर पालीका, विशेष गरेर यसका नगर प्रमुख श्री राणाज्यूमा जाने देखिन्छ। सिद्धार्थ नगर नगर पालीकाले यस प्रकारको सद्कार्यमा अझ बढी हात हाल्दै अघि बढ्न सकोस्, यही हाम्रो शुभेच्छा, अनि यही हाम्रो कामना। ■



**NOT TO DO EVIL**
पाप कर्म कहिल्यै नगर्नु
**TO CULTIVATE MERIT**
पुण्य गर्दै जानु
**TO PURIFY ONE'S MIND.**
आफ्नो (मन) चित्तलाई शुद्ध गर्नु

*– This is the teaching of the Buddhas.*
*यहि नै बुद्धहरूको उपदेश हो।*



Downloaded from http://www.dhamma.digital

## धर्मकीर्ति बिहारमा संचालित नियमित शनिवारिय कार्यक्रमहरू

२०५७ जेठ ७ गते । रिपोर्टर- अमृत शोभा शाक्य

**विषय : "बुद्धको ब्यक्तित्त्व"**

यसदिन "बुद्धको ब्यक्तित्त्व" विषयमा भिक्षु अश्वघोष महास्थविरले प्रवचन दिनुभएको थियो । प्रवचनको क्रममा उहाँले भन्नुभयो- "हामीले भगवान् बुद्धलाई वास्तविक रुपमा चिन्न सक्नु परेको छ । आजभोली धेरैजसो मानिसहरू भक्तिमार्गमा मात्र लागेका देखिन्छन् । ज्ञानमार्गमा लागी व्यवहारिक बन्न सक्ने मानिसहरू धेरै छैनन् । तर बुद्ध त ज्ञानमार्गी र व्यवहार वादी हुनुहुन्छ ।

सिद्धार्थकुमारको मन बालककाल देखिनै फराकिलो देखिन्छ । उहाँ अन्धविश्वासी हुनुहुन्न । बुद्ध हुनुभन्दा अगाडि उहाँले आलारकालाम र उदकरामपुत्रहरू कहाँ जानुभई केही शिक्षा अध्ययन गर्नुभयो । तर त्यति शिक्षाले संसार-चक्रबाट मुक्त हुन सकिदैन भन्ने कुरो बुझ्नुभई सबैलाई त्यागी एक्लै पिपलको बोट मुनि ध्यान गर्नुभई बुद्धत्व प्राप्त गर्नुभयो । जहाँसम्म मानिसहरूको चित्त संकुचित भई मनमा ईर्ष्याभाव र विकारले ठाउँ लिनेछ, तबसम्म उनीहरू संसारिक दुःखबाट मुक्त हुन सक्दैनन् ।

बुद्धले भन्नुहुन्छ, मैले भनेको भन्दैमा पुस्तकमा उल्लेख गरिएको छ भन्दैमा त्यसलाई मनन गर्नैपर्छ भन्ने कुनै करकाप छैन । त्यसलाई आ-आफ्नो स्वतन्त्र दिमागले जाँची बुझी ठीक लागेमा मात्र स्वीकार गर्न उपयुक्त हुनेछ ।

बुद्ध कट्टरवादी पनि होइन, परम्परावादी पनि होइन । उहाँको प्रमुख शिक्षा नै आचरण शुद्ध गरी वर्तमान जीवन उज्ज्वल पारी प्रज्ञावान् बन्नु हो । ठीक तरिकाले बुझ्न सक्षम भई कर्त्तव्य परायण हुन सक्नु नै मानिसहरूको मुख्य उद्देश्य हुन आउँछ । त्यसैले बुद्धको शिक्षालाई वैज्ञानिक शिक्षा भन्न सकिन्छ ।

यसदिन श्यामलाल चित्रकारले कक्षा संचालन गर्नु भएको थियो ।

## प्रज्ञापारमिता

२०५७ साल जेष्ठ १४, धर्मकीर्ति विहार ।

रिपोर्टर : श्यामलाल चित्रकार

**विषय : प्रज्ञा पारमिता**

उक्त दिन श्रद्धेय भिक्षु भद्दियले "प्रज्ञा पारमिता" विषयमा प्रवचन दिनु भएको थियो । प्रज्ञा यस्तो विषय हो जस्को बारेमा बुझ्न असम्भव नभए पनि अति कठिन छ । हामीजस्तो साधारण मानिसमा पनि प्रज्ञा छ र बुद्धमा पनि प्रज्ञा छ । तर साधारण मानिसमा भएको प्रज्ञा र बुद्धमा भएको प्रज्ञामा धेरै फरक छ ।

सिद्धार्थ गौतमले बुद्ध हुनलाई चाहिने पारमिता पुरा गरी ५२८ इशा पूर्व बैशाष पूर्णिमाका दिन बुद्धत्व प्राप्त गर्नु भएको थियो । दश पारमिता मध्ये प्रज्ञा पारमिता एक हो । अन्य नौ पारमिताहरू यस प्रकार छन्: दान, शील, नैश्क्रम्य, विर्य, क्षान्ति, सत्य, अधिष्ठान, मैत्री र उपेक्षा । ती पारमिताहरूको तिन तह हुन्छन् । आफ्नो जीउ ज्यानमा हानी नोक्सानी नहुने गरी पुरा गरिने पारमिताहरू पहिलो तहमा पर्दछ । आफ्नो जीउमा घाउ चोट दुःख कष्ट सहेर पनि पुरा गरिने पारमिताहरू दोश्रो तहको उपपारमिताहरू भनिन्छ । आफ्नो ज्यानकै परवाह नगरि ज्यानै त्याग गरि पारमिता पुरा गरिन्छ भने त्यस्तालाई तेस्रो तहको परमत्थ पारमिता भनिन्छ । भगवान बुद्ध भन्नुहुन्छ :-

**"पञ्ञावन्तस्स अयं धम्मो**
**नायं धम्मो दुप्पञ्ञस्स"**

अर्थ :- प्रज्ञा हुनेहरूलाई यो धर्म हो प्रज्ञा नहुनेहरूलाई होइन ।

साथै तथागतले एक ठाउँमा भन्नु भएको थियो :-

**"यस्य नास्ति स्वयं प्रज्ञा**
**सास्त्रम् तस्य करोति किम्"**

अर्थ :- जो संग प्रज्ञा छैन त्यस्लाई शास्त्रहरूको के काम ? उपरोक्त बुद्ध वचनहरूबाट प्रज्ञाको धेरै महत्व भएको बुझिन्छ । आफ्नो र अरुको भलो हुने, हीत सुख हुने प्रज्ञाको बृद्धि गर्ने तर्फ सततः प्रयास गरी रहनु पर्छ ।

कुनै कुनैमा वंसानुगत प्रज्ञा र संस्कार जन्य प्रज्ञा हुन सक्लान्। ज्ञान गुणका कुरा सुनेर पढेर, मनमनै तर्कना र चिन्तन गरेर तथा भावना ध्यान गरेर प्रज्ञालाई प्राप्ति गर्न सकिन्छ तर जब सम्म हामीमा कलुषित विचार अथवा क्लेशहरू हुन्छन् प्रज्ञा जागृत हुन्दैन । लोभ, द्वेष, मोह, अभिमान, गलत धारणा चंचलपना, अल्छीपना, शंका उपशंका, पाप गर्न लाज नमान्ने र पाप गर्ने डर नमान्ने जस्ता अवगुणहरूलाई हटाउन प्रयास गर्दै रहेमा प्रज्ञाको वृद्धि हुँदै जान्छ। प्रज्ञाको वृद्धि भएमा अवगुणहरू कम हुँदै गई असल मान्छे बन्छ ।

बुद्धको प्रज्ञामा करुणा र दया भएकोले बुद्धमा भएको प्रज्ञा शुद्ध छ ।

## धर्मप्रचार गर्न बाधा

२०५७ जेठ २८ । रिपोर्टर - अमृत शोभा शाक्य

यसदिन भिक्षु अश्वघोष महास्थविरले "धर्मप्रचार मा बाधा" भन्ने विषयमा प्रवचन गर्नुहुँदै भन्नुभयो - "सिद्धार्थकुमार बुद्ध भइसकेपछि उहाँले पहिला सारनाथमा पञ्चभद्रवर्गियहरूलाई धर्मदेशना गर्नुभयो । पछि ६० जवान भिक्षुहरूलाई ३ महिनासम्म तालिम दिनुभई "चरथ भिक्खवे चारिकं..........." भन्नुहुँदै धर्मप्रचार गराउन ठाउँ ठाउँमा पठाउनु भयो । फलस्वरूप धर्मप्रचार भइरह्यो ।

धर्मप्रचार गर्ने व्यक्तिहरूको स्वभाव शान्त हुनुपर्छ। निग्रोध श्रामणेरको शान्त स्वभाव देखेर कलिंग युद्ध गरी दु:खी मन लिएर बस्ने अशोक महाराजको मन शीतल हुनपुग्यो । अनि निग्रोध श्रामणेरलाई दरवारमा बोलाई धर्मोपदेश सुनी शस्त्र त्यागयो ।

आजभोली धर्मप्रचार गर्ने उद्देश्य लिई ८० वटा जति संस्थाहरू स्थापना भइसकेका छन् । तैपनि राम्ररी धर्मप्रचार हुन सकिरहेको छैन । किनभने धर्मप्रचार कार्यमा थुप्रै बाधाहरू तेर्सिएका छन्।

धेरैजसो धर्मप्रचार गर्ने व्यक्तिहरूसंग धर्मप्रचार कार्यमा चाहिने योग्यता छैनन्। कतिपय धर्मप्रचार गर्ने व्यक्तिहरूसंग सहनशीलता देखिँदैनन् । कतिपय व्यक्तिसंग लोभीपना देखिन्छन् । धर्मोपदेश सुन्ने व्यक्तिहरूसंग पनि ज्ञानमार्ग भन्दा पनि भक्तिमार्गमा लाग्ने स्वभाव वढि देखिन्छन्। वर्तमान जीवन सुधार्न नसके पनि स्वर्ग पुग्ने इच्छा गर्नेहरू थुप्रै देखिन्छन्। हिन्दू संस्कारले प्रभावित व्यक्तिहरू धेरै भएकोले होला उनीहरूले बुद्ध वरदान दिने कुनै देवता होइन भन्ने कुरालाई स्वीकार्दैनन्। धेरैजसो व्यक्तिहरू अज्ञानी भएको कारणले उनीहरूले बुद्धको शील, समाधी र प्रज्ञा बारे यथार्थ ज्ञान बुझ्न सकिरहेका छैनन्। बुझेका व्यक्तिहरूले पनि यस शिक्षालाई व्यवहारमा प्रयोग गर्न सकिरहेका छैनन्। उनीहरूले लोभ, द्वेष र मोहलाई कम गर्दै आफ्नो जीवन सुधार्नु पर्ने विषयलाई बुझ्न सकिरहेका छैनन् । एकपटक धर्म गरेपछि पाप सबै नाश हुन्छन् भन्ने ठान्छन् उनीहरू । अझ हाम्रो समाजमा धेरैजसो व्यक्तिहरूले जातिभेदलाई मानिरहेका छन् । बुद्ध एक मार्गदर्शक हुनुहुन्छ भन्ने कुरा बुझिरहेका छैनन् उनीहरूले । आजभोली त पञ्चशीलको महत्त्व र एकदिन सबैले मर्नुपर्छ भन्ने विषयमा जहाँतहिं बताइरहन पनि उपयुक्त देखिँदैन । कर्त्तव्य पालन गर्नुपर्ने विषयको प्रवचन कतिपयलाई सुन्न मन लाग्दैन । दान दिएर धर्मगर्ने व्यक्तिहरूलाई दान दिएको फल पनि भोग्न पावस् भनी लोभ चित्त राखेर दान दिन हुँदैन भन्ने कुरा गर्दा चित्त बुझ्दैन। किनभने उनीहरूले संस्कार भए सम्म निर्वाण सुख प्राप्त गर्न सकिँदैन भन्ने कुरा वुझ्न सकेका छैनन्।

बुद्ध शिक्षा अनुसार आचरण राम्रो भएमा मात्र राम्रो आशिर्वाद पाउन सकिनेछ। त्यसैले शील प्रार्थना गर्ने चलन आएको हो। हामीले सकेसम्म अरुलाई बाधा नपुऱ्याइकन जीवन जिउन सक्नुपर्छ। आफ्नो मात्र भलो हुने स्वार्थी भावनालाई त्याग्नु पर्छ।"

यसदिन श्यामलाल चित्रकाले कक्षा संचालन गर्नुभएको थियो।

२०५७ जेठ २१ गते । रिपोर्टर - रामेश्वरी महर्जन

**विषय : भगवान् बुद्धका विभिन्न मुद्राहरू ।**

यसदिन धम्मवती गुरुमांले "भगवान् बुद्धका विभिन्न मुद्राहरू" विषयमा प्रवचन दिनुहुँदै भन्नुभयो- "भगवान् बुद्धका बिभिन्न मूर्तिहरू छन् । उहाँले ८४,००० धर्मस्कन्धहरू बारे ब्याख्या गर्नु भएको छ। यी धर्मस्कन्धहरू ब्याख्या गर्नु हुँदाको अवस्था अनुसार उहाँको मुद्राहरू पनि विभिन्न रुपमा देखाइएका छन्। यही सिलसिलामा चारवटा औंलाहरू ठड्याइएको बुद्ध मूर्तिले चतुआर्य सत्यलाई बुझाउनु भएको अवस्थालाई जनाउँछ । आठवटा औंला ठड्याइएको मूर्तिले आर्य अष्टाङ्गिक मार्गलाई बुझाइरहनु भएको अवस्थालाई जनाउँछ । २ वटा मात्र औंला ठड्याइएको मूर्तिले



Downloaded from http://www.dhamma.digital

तृष्णाको वसमा परी धेरै लौकिक सुखमा मात्र पनि नभुल्नु, धर्म, धर्म भनी शरीरलाई धेरै कष्ट पनि नदिनु, साँच्चैको सुख प्राप्त गर्ने हो भने यी दुबै अति मार्गलाई त्यागी बीचको मध्यम मार्गलाई अपनाउनु भन्ने कुरा बुझाइरहनु भएको अवस्थालाई जनाउँछ। बुद्धको दाहिने हातले भूमि स्पर्श गरेको मूर्तिले मार विजय गरेको मुद्रालाई जनाउँछ। यसरी नै उहाँको एउटा मात्र औंला ठड्याइएको मूर्तिले उहाँले सतिपट्ठान देशना गरि रहनुभएको अवस्थालाई जनाउँछ।

भगवान बुद्धका यी विभिन्न मुद्राहरू भएपनि हामी यी मूर्तिहरूमा मात्र आकर्षित भएर बस्नु राम्रो होइन। जति हामी मूर्ति प्रति आकर्षित हुन्छौं, त्यति नै हामी दुःख मुक्ति मार्गबाट टाढा हुँदै जान्छौं। त्यसैले हामी मूर्तिलाई भक्ति गर्ने मार्ग भन्दा पनि बुद्धले सिकाउनु भएको ज्ञान मार्गतिर लाग्नु आवश्यक हुनेछ। बुद्धले सिकाउनु भएको शिक्षा ग्रहण गर्दै गयौं भने मात्र हामीले साँच्चैको सुखलाई प्राप्त गर्न सक्नेछौं।

बुद्धको शिक्षा अनुसार संसारमा चारवटा सत्यहरू छन्, ती हुन्-

(१) दुःख सत्य (२) दुःख समुदय सत्य (३) दुःख निरोध सत्य (४) मार्ग सत्य

दुःख सत्य पनि आठवटा छन्-

(१) जन्म हुनु नै दुःख। (२) बुढाबुढी हुनुपर्ने दुःख।
(३) रोग हुनु दुःख। (४) मर्नुपर्ने दुःख।
(५) मनपर्ने व्यक्तिसंग बिछोड हुनुपर्ने दुःख।
(६) मननपर्ने व्यक्तिसंग जीवन बिताउनु पर्ने दुःख।
(७) आफ्नो मनको इच्छा पूरा नहुनु दुःख।
(८) संक्षिप्तमा भन्ने हो भने यस शरीर धारण गर्नु नै दुःख हो।

यी आठवटा दुःखहरूलाई साँच्चैको दुःख हो भनी बुझी दुःखका कारणहरूलाई जानी आर्य अष्टाङ्गिक मार्गद्वारा यी दुःखहरूबाट अलग्ग रहन सकेमा मात्र दुःख निरोध हुनेछ।

मूर्तिलाई मात्र भक्ति गर्ने बानीले साँच्चैको सुख प्राप्त गर्न गाऱ्हो हुन्छ। त्यसैले हामीले मूर्तिलाई भन्दा पनि बुद्धले सिकाउनु भएको शिक्षा अर्थात् ज्ञानलाई प्राथमिकता दिई शील, समाधी र प्रज्ञालाई बढाउँदै लान सकेमा मात्र संसारिक दुःखबाट अलग्ग रही निर्वाण प्राप्त गर्न सक्नेछौं।

## ✿ धर्म प्रचार ✿ —— समाचार

### भिक्षु कोण्डन्य बुद्ध विहारमा

२०५७ जेष्ठ, २८ गते। शनिवार, बुद्ध विहार।

बुद्ध विहारका संस्थापक श्रद्धेय दिवंगत भिक्षु सुमंगल महास्थविरको देहावसानपछि तत्काल उक्त विहारमा कोही अन्य भिक्षु तथा श्रामणेरहरू आवासिय रूपमा नभएको र विहारको सुरक्षा गर्न तत्काल वरिष्ठ भिक्षु संघबाट तत्काल आवश्यकतानुरूप केही समयको लागि श्रद्धेय भिक्षु सुदर्शन महास्थविरलाई विहार प्रमुखका रूपमा नियुक्ति दिइएको थियो। तर वहाँले अस्वस्थताका कारण दशाई ८/४/०५६ का दिन अन्य कोही योग्य-सक्षम भिक्षुलाई बुद्ध विहारमा प्रमुख भिक्षुको नियुक्त गर्नका लागि अखिल नेपाल भिक्षु महासंघ समक्ष पत्र लेख्नु भएका थिए। यसपछि बुद्ध विहार संरक्षण समितिले अ.ने.भि. महासंघ समक्ष एक सक्षम भिक्षुलाई बुद्ध विहारमा प्रमुखका रूपमा नियुक्ति गरीदिनु हुन अनुरोध पत्राचार गरे भने ११/१/०५७ का दिन अ.ने.भि. महासंघका अध्यक्ष भिक्षु बुद्धघोष महास्थविर को अध्यक्षतामा बसेको बैठकले संघाराममा बस्नुहुने श्रद्धेय भिक्षु अश्वघोष महास्थविरका शिष्य भिक्षु कोण्डन्यलाई बुद्ध विहारको प्रमुखमा नियुक्त गरेका थिए।

२८/२/०५७ शनिवारका दिन बुद्ध विहारमा बुद्ध पूजा-धर्म देशनाको कार्यक्रम गरी नव नियुक्त बुद्ध विहार प्रमुख भिक्षु कोण्डन्यलाई स्वागत गरेका थिए। उक्त दिन भिक्षुहरू भद्दिय र कोण्डन्य, धम्मवती गुरुमां तथा जनक नेवाःले मन्तब्य दिनु भएका थिए। विहार प्रमुख भिक्षु कोण्डन्यले गुँलाभरी एकमहिने धर्म देशना संचालन गर्ने, गोष्ठीहरू गर्दै लाने अवगत गराउनु भयो। हाल बुद्ध विहारमा अष्टमी, औंसी, पूर्णिमाका दिन विहान बुद्धपूजा र धर्म देशना प्रत्येक मंगलवार र शनिवार का दिन दिउँसो ४:३० बजे देखि ध्यान भावना र प्रवचन कार्य चलिरहेको छ। इच्छुक श्रद्धालुहरू जो कोही सहभागी बनी पुण्य साधन गर्न सक्नुहुनेछ।

हाल बुद्ध विहारको प्रमुख भिक्षु कोण्डन्य हुनुहुन्छ भने बुद्ध विहार संरक्षण समितिमा अध्यक्ष (प्रमुख) भिक्षु कोण्डन्य, कोषाध्यक्ष जुलुम शिल्पकार, सचिवमा जनक नेवाः र सदस्यहरूमा प्रा. भिक्षु सुदर्शन महास्थविर, भिक्षु धर्मशोभन महास्थविर, मोतिलाल शिल्पकार, भिम बहादुर श्रेष्ठहरू रहनु भएको कुरा थाहा हुन आएको छ।

सम्पर्कको लागि फोन २२६७०२, पो.ब.नं. ९९२ भृकुटी मण्डप काठमाडौं भनी बुद्ध विहारले जनाएको छ।

## २५४४ औं बुद्ध पूर्णिमा

२०५७ जेठ ५ । कालिम्पोङ्ग ।

स्थानिय धर्मोदय विहारमा बौद्ध झण्डोत्तोलन, शील प्रार्थना, ज्ञानमाला भजन आदि गरी २५४४ औं बुद्ध पूर्णिमा मनाइयो । यही अवसरमा "धर्मोदय एकेडेमी स्कुल" को वार्षिक पारितोषिक पनि वितरण गरियो ।

## प्रमाण पत्र वितरण

स्थान - भक्तपूर, मिति २०५७ जेठ २१ ।

२५४४ औं बुद्ध पूर्णिमाको उपलक्षमा मैत्रेय युवा संघ भक्तपुरको आयोजनामा मिति २०५७ जेठ ७ गते देखि २० गते सम्म संचालित छ्वालीको शीपमूलक तालिममा भाग लिन आउनु भएका प्रशिक्षार्थीहरूलाई एक समारोहबिच प्रमाण-पत्र वितरण गरिएको समाचार छ ।

जेठ २१ गते जयकीर्ति विहार थथुबहिलिमा सम्पन्न गरिएको उक्त समारोह संघका अध्यक्ष तीर्थराज बज्राचार्यको सभापतित्त्वमा संचालन गरिएको थियो भने संघका कोषाध्यक्ष रुद्र चित्रकारले स्वागत भाषण गर्नुभएको थियो । उक्त कार्यक्रममा प्रशिक्षार्थी विणा शाक्य, अष्ट प्रभा शाक्य र सविता चित्रकारले यस तालिममा भाग लिएर नयाँ नयाँ शीप हासिल गरेको बिषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । तालिममा भाग लिनु भएका २६ जवान प्रशिक्षार्थीहरूलाई श्रद्धेय धम्मवती गुरुमांले प्रमाण पत्र प्रदान गर्नु भएको थियो । आफ्नो मन्तव्य व्यक्त गर्ने क्रममा गुरुमांले भन्नुभयो- "रातो टीका, रातो साडी र हातमा चुरा लगाउँदैमा मंगल हुने होइन, शील्प विद्या सिकेर बहुश्रुत बनी, शीपमूलक ज्ञान हासिल गरेर आर्थिक उन्नति हुने कार्य तिर अगाडि बढ्न सक्नु पनि मंगल हो ।"

उक्त कार्यक्रममा लेखक रत्न सुन्दर शाकयले धम्मवती गुरुमांको परिचय दिँदै उहाँले बुद्ध धर्म प्रचार प्रसार कार्यमा गर्नु भएको अतुलनिय योगदान बारे पनि प्रकाश पार्नु भएको थियो ।

तालिमका प्रशिक्षक सर्मीला महर्जन र जुन्सा बज्राचार्यलाई संघका अध्यक्ष तीर्थराज बज्राचार्यले धन्यवाद ज्ञापन-पत्र प्रदान गर्नु भएको थियो । पुष्प रत्न शाक्यले अहिलेका युवाहरूलाई यस्तै शीपमूलक तालिम दिँदै जानु पर्ने कुरामा प्रकाश पार्नुभयो ।

मैत्रेय युवा संघको कोष खडा गर्नका लागि धम्मवती गुरुमांले रु. १०००/- आर्थिक सहयोग प्रदान गर्ने बचन दिनु भएको थियो ।

उक्त कार्यक्रम सचिव राजुमान वज्राचार्यले संचालन गर्नुभएको थियो ।

## अन्तरक्रिया

काठमाडौं जेष्ठ २१ गते, शनिवार ।

प्रस्तावित राष्ट्रिय युवा बौद्ध सम्मेलनको लागि युवा बौद्ध समूहको पहलमा ढल्कोस्थित संघाराम विहारमा दोस्रो एक अन्तरक्रिया सम्पन्न भयो । विभिन्न बौद्ध संस्थाका बौद्ध विद्वानहरूको समागम भएको उक्त अन्तरक्रियामा प्रस्तावित राष्ट्रिय युवा बौद्ध सम्मेलनको सम्बन्धमा विचार विमर्श भयो । भिक्षु अश्वघोष महास्थविरको समुपस्थितिमा सम्पन्न सो अन्तरक्रिया कार्यक्रममा युवा बौद्ध समूहका अध्यक्ष शान्तरत्न शाक्य बाट स्वागत भाषण र समूहका उपाध्यक्ष त्रिरत्न मानन्धरबाट राष्ट्रिय युवा बौद्ध सम्मेलनको आवश्यकता बारे आफ्नो भनाई राख्नु भएको थियो ।

अन्तरक्रियामा भागलिनु हुँदै युवा बौद्ध समूहका सल्लाहकार हर्षमुनी शाक्यबाट थारु र मगर जातीहरूको बुद्ध धर्म प्रति भएको सामिप्यतालाई विकास गर्न यो सम्मेलनले विशेष भूमिका खेल्नुपर्ने कुरा बताउनु भयो ।

धर्मोदय सभाका केन्द्रिय अध्यक्ष लोकदर्शन बज्राचार्यबाट राष्ट्रिय जनगणना २०५८ मा बौद्धहरूको सही तथ्यांक निकाल्न को लागि विभिन्न कार्यक्रमहरू गर्नुपर्ने कुरा वताउनुभयो । धर्मोदयका उपाध्यक्ष



Downloaded from http://www.dhamma.digital

श्री लक्ष्मिदास मानन्धरबाट यस सम्मेलनले राष्ट्रिय जनगणनामा सबै बौद्धहरूलाई सचेत पार्न टेवा हुने विश्वास प्रकट गर्नु भयो ।

नेपालतामाङ्ग घेदुङ का धर्मराज तामाङले सबै बौद्धसंघ संस्थालाई यो सम्मेलनले समेट्नु पर्ने कुरा बताउनु भयो । बौद्ध विद्वान डा. वज्रराज शाक्यले पर्याप्त गृहकार्य गरेर मात्र यो सम्मेलनलाई प्रभावकारी बनाउन सक्ने धारणा राख्नुभयो ।

बौद्ध विद्वान लोकबहादुर शाक्यबाट जनजाती बौद्धहरूलाई यस सम्मेलनमा विशेष रूपले समावेश गर्नुपर्ने कुरा भन्नुभयो ।

ज्यापु महासंघका अध्यक्ष विपेन्द्र महर्जनबाट ज्यापुहरू बौद्ध भएतापनि हिन्दु संस्कारबाट मुक्त हुन सकिरहेको छैन भन्नु हुँदै यसको लागि आन्दोलननै गर्नुपर्ने धारणा राख्नु भयो । भक्तपुर बौद्धसंघका संघरत्न शाक्यले यस सम्मेलनलाई भक्तपुर बौद्ध संघबाट आवश्यक सहयोग गर्न तत्पर भएको कुरा बताउनु भयो । बौद्ध विद्वान भुवनलाल प्रधानबाट बौद्ध क्षेत्रमा बौद्धिक व्यक्तित्व वृद्धि गर्नुपर्ने कुरा औंल्याउनु भयो ।

धर्मोदय सभाका महासचीव प्रा. सुवर्ण शाक्यबाट यस सम्मेलनले बौद्धहरूमा जागरण ल्याउने छ भन्नुहुँदै कार्ययोजना तयारगर्दा ध्यान दिनुपर्ने बुंदाहरू को व्याख्या गर्नुभयो । युवा बौद्ध समूहका सदस्य राजा शाक्यबाट यस सम्मेलनले धर्मनिरपेक्षताको आवाज पनि बुलन्द पार्नु पर्ने धारणा राख्नुभयो । अन्तमा भिक्षु अश्वघोष महास्थविरबाट विभिन्न यानहरूलाई एक ठाउंमा राखी वुद्ध यानमात्र भनेर चरित्र सुधार गर्ने पट्टि ध्यान दिन सकेमा बौद्ध सम्मेलन सफल हुने कुरा वताउनु भयो ।

## बुद्ध धर्म प्रति सेवा र सहयोग गर्नुहुने चारजना दाताहरू सम्मानित

२०५७ बैशाख २४ ।

बुद्ध धर्मको लागि आजीवन सेवा तथा आर्थिक सहयोग प्रदान गरी धर्मको कार्यमा निरन्तर श्रद्धा भाव राखी उल्लेखनीय कार्य गरी आउनुहुने चारजवान दाताहरूलाई सिद्धि इन्द्र स्मृति कोषद्वारा नाग बहालमा आयोजित एक समारोहमा सार्वजनिक सम्मान गरिएको समाचार छ ।

सम्मानित व्यक्तित्वहरू यसरी हुनुहुन्थ्यो-

(१) साहु मणिहर्ष ज्योतीलाई मरणोपरान्त दिइएको सम्मानपत्र उहाँका छोरा रूपज्योतीलाई प्रदान गरिएको ।

(२) साहु ज्ञानज्योती कंसाकार

(३) धर्मबहादुर धाख्वाः

(४) चैत्यमाया आदि

कोषका अध्यक्ष प्रा. आशाराम शाक्यको सभापतित्त्वमा संचालित उक्त सम्मान समारोहमा कोषका संस्थापक धर्मबहादुर शाक्यले सम्मान गर्नु भएको थियो ।

संस्थापक धर्मबहादुर शाक्यले प्रदान गर्नुभएको रु. तीनलाखको अक्षयकोषबाट आर्जित ब्याजबाट सम्मान कार्यक्रम आयोजना हुँदै आएको विषयमा र धर्म प्रचार कार्यमा लाग्नु भए वापत रु. दशहजार सहित सम्मान गरिएको थियो ।

यसरी नै धर्मबहादुर शाक्यले आफ्ना पिता सिद्धिराज शाक्य र माता इन्द्रकुमारी शाक्यको पुण्य स्मृतिमा कोष स्थापना गरेर सऱ्हाहनीय कार्य गरेको विषयमा साहित्यकार सत्यमोहन जोशीले चर्चा गर्नुभयो । उक्त अवसरमा पूर्व मेयर बेखारत्न शाक्य, चक्र मेहर बज्राचार्य, तारेमाम संघका सचिव ज्ञानबहादुर शाक्य आदिले बुद्ध धर्मको विविध पक्षमा प्रकाश पार्नु भएको थियो ।

अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष बुद्धघोष महास्थविरले पुण्यानुमोदन गराउनु भएको उक्त अवसरमा कोष संस्थापककी धर्मपत्नी वेतीमाया शाक्यले भिक्षु भिक्षुणी तथा लामाहरूलाई चीवर दान गर्नु भएको थियो । यसरी नै भिक्षुणी माधवीले सम्मानित व्यक्तित्त्वहरूलाई उपहार प्रदान गर्नु भएको थियो ।

उक्त समारोहमा मुख्य सचिव तीर्थमान शाक्य, ललितपुरका प्रजिअ कुलचन्द्र श्रेष्ठ, हिरण्यवर्ण महाविहारका अध्यक्ष मीनबहादुर शाक्य तथा महास्थविर भिक्षु भिक्षुणी तथा बौद्ध धर्माबलम्बीहरूको उपस्थिति थियो ।

## बौद्ध जागरण शिविर

२०५७ बैशाख २८ गते ।

२५४४ औं बुद्ध पूर्णिमाको अवसरमा सिन्धुपाल्चोक जिल्ला लागार्चे गा.वि.स. वार्ड नं १ ओकरानेमा श्री सङ्ङाग क्षेलिङ गोन्पा र हिमाली बौद्ध शिक्षण संस्थाका संयुक्त आयोजनामा दोश्रो बौद्ध जागरण तथा लामा प्रशिक्षण शिविर संचालन भएको समाचार छ । प्र. ला. श्री तेम्पा सिङ लामाको सभापतित्त्वमा सम्पन्न भएको उक्त शिविरमा लोपोन श्री टासी छिरिङ लामाले विश्वशान्ति पूजा (ज्यिनसेग) बाट शुभारम्भ गर्नु भएको थियो । सोही दिन आचार्य खेन्पो श्री ङवाङ्ग वोसेर लामाज्यूबाट प्रशिक्षण शिविरको विधिवत उद्घाटन गर्नुहुँदै बिभिन्न जिल्ला गा.वि.सबाट आउनु भएका सहभागि लामाहरूलाई बौद्ध धर्ममा सर्बप्रथम बुझ्नुपर्ने समसामयिक बिषयमा धार्मिक प्रवचन दिनु भएको थियो ।

यसरी नै २९, ३० र ३१ गते बिहान देखि चार प्रकारका चित्त निवृत्ति विषयमा बिस्तृत व्याख्या गर्नुभयो । चार प्रकारका चित्त निवृत्ति भन्नाले दुर्लभ क्षण-सम्पत्ति (मानवदेह) मरण अनित्य, हेतु कर्मफल र सांसारिक दोष भन्ने बुझिन्छ । यस्तो पूर्व अभ्यास विना सद्-धर्मको अभ्यास गर्न सकिदैन, धर्म प्रति आस्था र प्राणी प्रतिको दया करुणा आदि भावना उत्पन्न हुँदैन, यसको अभावमा पछि बोधिचित्तोत्पादमा बाधा हुनेछ । त्यसैले सर्वप्रथम यस पूर्व अभ्यासको बिधिलाई प्राथमिकता दिनु पर्छ र त्यसपछि मात्र मूल विषयको अभ्यास गरेमा उत्तम हुन्छ । यसरी नै २९ र ३० गते आर्य श्री सोनाम वाङगेल लामाज्यूबाट क्याप्डो (शरण गमन) र सेम्क्येद् (बोधिचित्तोत्पाद) को बिस्तृत व्याख्या गर्नु भयो । सामान्य रुपमा क्याप्डो भनेको (त्रिरत्न, बुद्धरत्न, धर्मरत्न र संघरत्न) को शरणमा जानु हो । म बौद्ध धर्माबलम्बी हुँ, मैले क्याप्डो (शरणगमन) को बिषयमा सबै कुरा थाहा पाएको छु भनेर मात्र बौद्ध धर्माबलम्बी हुन सक्दैन । हामीले शरण गमन आदिको शील पाएर मात्र हुँदैन । शील ग्रहण गरेपछि त्यस अन्तर्गतका शिक्षाहरूको बारेमा पनि बुझ्नु अति आवश्यक छ ।

बुद्धको शरणमा जानु भनेको नै बुद्धका सद्गुणहरूलाई आफुमा पनि समावेश गरी बुद्धका आदर्शहरूको अनुगमन गर्दै आफ्ना खराव आचरणहरूलाई त्यागनु हो । धर्मको शरण गएपछि प्राणीहिंसा गरेर बलिदिने र अरुको अहित हुने काम गर्नु हुँदैन । संघको शरणमा गइसकेपछि दुष्ट मित्रको संगत गर्नु हुँदैन भनेर त्रिपिटक र अन्य बौद्ध ग्रन्थहरूमा उल्लेख गरेको छ । प्राणीको हितको निमित्त सोचाई राख्नुलाई नै बोधिचित्तोत्पाद भनिन्छ ।

२९, ३० गतेका दिन लोपेन टासी छिरिङ्ग ज्यूबाट बौद्ध सदाचरणको बिशेष तालिम दिनु भयो । बैशाख ३१ गते गुरु ङवाङ्ग वोसेरज्यूबाट सहभागी लामा र भक्तजनहरू सबैलाई दिर्घायू कामना गर्नु भयो । नेपाल शेर्पा लामा संघका अध्यक्ष तथा प्रमुख अतिथि आचार्य सोनाम वाङगेल लामा शेर्पा र गुरु खेन्पो ङवाङ वोसेर ज्यूबाट सहभागीहरूलाई प्रमाण पत्र वितरण गर्नुभयो ।

त्यस अवसरमा सभापतिको आसनबाट बोल्दै उपासिका श्रीमती मिङवुटी शेर्पाले कार्यक्रम समाप्त भएको घोषणा गर्नुभयो ।

## बुद्ध चारधाम शिलान्यास

२०५७ जेठ १ गते ।

यल जिल्लाया थसि गामे श्री सिद्धि मंगल बुद्ध विहारे पूज्य भिक्षु बुद्धघोष महास्थविर पाखें बुद्धपूजा ज्याङ्ग्वः क्वचायुधुंकाः सिद्धिमंगल बुद्ध विहारया लायब दुने बुद्ध चारधाम (सिद्धार्थ कुमार जन्मजूगु, बोधिज्ञान प्राप्त यानाः बुद्ध जुया विज्याःगु, पञ्चभद्र वर्गिय



Downloaded from http://www.dhamma.digital

भिक्षुपिन्त धर्मदेशना याना बिज्या:गु व थ्व संसार तोता: परिनिर्वाण जुया विज्या:गु) निर्माण कार्य ललितपुर उपमहानगर पालिकाया प्रमुख बुद्धिराज बज्राचार्य व हनेबह:म्ह साहु ज्ञानज्योती कंसाकारजु पाखें शिलान्यास ज्या क्वचाल ।

भन्तेपिनि पाखे. मंगल सूत्र पाठ याना: विष्णुरत्न शाक्यया पाखें चेतनमाला म्ये न्यंकूगु उगु ज्याझ्वले सिद्धिपुर गा.वि.स. या अध्यक्ष कृष्ण कुमार महर्जन, ल.पु.जि.स. सदस्य अष्टमान महर्जन, व सिद्धि मंगल बुद्ध विहारया उपासक उपासिकापिंसं ग्यसुलाक्क गुहाली ब्यूगु जुल । स्मरणीय जू हर्षरत्न धाख्वा:, भौमयूजु शान्ति धाख्वा:, छ्यूपिं व सकल परिवारिपिनिपाखें थुगु सिद्धि मंगल बुद्ध विहारया लिक्क च्वंगु २ आना २ पैसा जग्गा उगु विहारयात हर्षपूर्वक दान ब्यूगु जुल ।

**२५४४ औं बुद्ध पूण्य-तिथि भ:भ: धायेका हनागु २०५७ जेठ ६ गते ।**

महाकारुणिक, गौतम बुद्धया जन्म, सम्बोधि लाभ व महापरिनिर्वाण थेंजा:गु त्रिवेणी संगम जूगु पावन दिं- "स्वाँयापुन्ही" व २५४४ औं बुद्ध पूण्य-तिथिया गुणानुस्मृतिई नगदेश बौद्ध समूह, धर्मोदय सभा, मध्यपुर थिमि नगर शाखा, व नगदेश ज्ञानमाला भजन खल:या मंका ग्वसा:ले नगदेश बुद्ध विहारे बुद्ध पूजा याना नगदेशया थिथित्वा:ले थी थी बाजा, व ज्ञानमाला भजन म्ये हाला गौतम बुद्धया ढलौटयागु मूर्ति खते तया चाहुलेगु ज्या जुल । उगु नगदेश परिक्रमा याय्गु झ्व:ले एसेन्स ई. स्कूलया बिद्यार्थीपिं नापं सकल उपासक उपासिकापिं नाप जाना नगदेशया दक्व त्वा: चाहुला नगदेश बुद्ध विहारे थ्यंका मुनेज्या च्वनागुजुल । उगू मुनेज्याय् श्रद्धेय भिक्षु धम्मशोभन पाखें पञ्चशील प्रार्थना याका बिज्यातसा वसपोलं धर्मोदपदेशया झ्व:ले भगवान् बुद्धया जीवनी कना: उपदेश विया बिज्यागु जुल । नगदेश बौद्ध समूहया सचिव भाजु कृष्ण कुमार प्रजापतिजुं नं बैशाखपुन्हीयागु महत्व बारे कना दिलसा उगु मुनेज्याया नायो भाजु ज्ञान कुमार बाडेजु जुया दिल । अन्त:स पुण्यानुमोदन याना सभा क्वचागु जुल ।

## २५४४ औं बुद्धपूर्णिमा समारोह

स्थान- बौद्ध जन विहार, सुनागुठी यल ।

बौद्ध जनविहार सुनागुठीयात २५४४ औं बुद्ध पूर्णिमा समारोहया पा:ब्व लल्हानाब्यूगु कथं थुगुसी सुनागुठी यलया नगरं पिने गां पाखें नं बुद्ध पूर्णिमा समारोह भ:भ:धायक हंगु समाचार दु । बौद्ध जन बिहार सुनागुठी आ:तक भवन निर्माण पुमवंसां बौद्ध धर्म न्ह्याकायंकीगु ग्वसा: याना: बुद्ध पूर्णिमा समारोह हनेदुगु छगू त:धंगु ऐतिहासिक उपलब्धी ख: । थुगुसीया बुद्धपूर्णिमा साप्ताहिक ज्याझ्व: थुकथं न्ह्याकूगु खँ सीदु ।

(१) २०५७ बैशाख २४ गते यलया दक्षिणी भेगया न्यागू विहारया उपासक उपासिकापिनि पाखें बौद्ध जन विहार सुनागुठी श्रमदान शिविर ।

(२) २६ गते थाइल्याण्डया राजगुरु सोमदेत फ्रा ञाणसंवर पाखें प्राप्त जूम्ह बुद्ध मूर्ति (सारीपुत्र मौद्गल्यायन सहित) विहारयात हस्तान्तरण ।

(३) बैशाख २९ गते निसें जेठ २ गते तक सुनागुठी गामे सफाई अभियान ।

(४) बैशाख २९ गते अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र शंखमूलपाखें छन्हुया ध्यान शिविर ।

(५) बैशाख ३० गते भिक्षु डा. धम्मपियो पाखें एड्स रोग, दुर्व्यसनी व मादक पदार्थ सेवन बारे प्रवचन व स्वास्थ्य क्लिनिक । श्रीघ: ज्ञानमाला भजन, बूबहा: ज्ञानमाला भजन व ठेचो ज्ञानमाला भजन लिपा भिक्षु ञाणपूर्णिक महास्थविर पाखें धर्म देशना ।

(६) बैशाख ३१ गते रक्तदान, वसुन्धरा ज्ञानमाला भजन, अक्षयश्वर ज्ञानमाला भजन व बुंगमती ज्ञानमाला भजनं लिपा धर्मरत्न शाक्य त्रिशुली पाखें प्रवचन ।

(७) जेठ १ गते "स्वास्थ्य व आहार" बारे श्री बिद्या शाक्यपाखें प्रवचन व भिक्षु डा. धम्मपियो पाखें स्वास्थ्य क्लिनिक संचालन चेतनमाला भजन खल:, त्रिरत्न ज्ञानमाला भजन व सिद्धिपुर ज्ञानमाला भजन लिपा भिक्षु पञ्ञा सागर पाखें धर्म देशना ।

(८) जेठ २ गते "मातृ शिशु स्वास्थ्य उपचार" विषययात कया: श्रीमती सुशीला शाक्य पाखें प्रवचन व भिक्षु डा. धम्मपियो पाखें स्वास्थ्य क्लिनिक संचालन ।

ह:खा ज्ञानमाला भजन व हरिसिद्धि ज्ञानमाला भजनं लिपा भिक्षुणी धम्मवती गुरुमांपाखें धर्मदेशना ।

(९) जेठ ३ गते एक्यूपंक्चर स्वास्थ्य क्लिनिक । बिद्या शाक्य व भिक्षु डा. धम्मपियो पाखें संचालन । तारेमाम् संघ नागबहाल, ज्ञानमाला भजन खल: व खोकना ज्ञानमाला भजन खल: पाखें ज्ञानमाला भजनं लिपा भिक्षु कौण्डञ्ञ पाखें धर्मदेशना ।

(१०) जेठ ४ गते भिक्षु डा. धम्मपियो पाखें स्वास्थ्य क्लिनिक संचालन ।

बाजा गाजा सहित बुद्ध प्रतिमा क्वा: बहा यलं कया ह:गु । न्हिने स्वयम्भू ज्ञानमाला भजन खल: व लुभु ज्ञानमाला भजन खल: पाखें ज्ञानमाला भजन ।

सम्माननिय प्रधानमन्त्री श्री गिरीजा प्रसाद कोइरालाजु मू पाहाँ जुया: सार्वजनिक बौद्ध सभा जुल । सार्वजनिक बौद्ध सभाय् सम्माननिय प्रधानमन्त्री श्री कोइरालाजुं बौद्ध धर्म दक्षिण एशिया, दक्षिण पूर्व एशिया जक मखु यूरोप, अमेरीकाय् तकं नं याकनं न्ह्यानावयाच्वंगु नाप नापं थुगसी निसें संयुक्त राष्ट्रसंघं स्वाँया पुन्ही छन्हु विश्वय् सार्वजनिक बिया बीगु क्व:छूय"गु खँ न्ह्यथना दिल । नेपा: देया त्रिभुवन विमानस्थल नापं च्वंगु तिनकुने भगवान बुद्धया त:धंगु प्रतिमा स्थापना याना: बिदेशी पर्यटकपिं थ:गु छूयैं लिहाँ वनेबले बुद्ध प्रतिमा खना: न्ह्याबलें लुमंके दैगु जूगुलिं बुद्ध प्रतिमा स्थापना यायत थम्हं फुगु ग्वाहाली याय् धयागु नं विचा: प्वंका दिल ।

(११) जेठ ५ गते यल देया नगरे प्रभात फेरिं लिपा बाजा गाजा सहित बुद्ध प्रतिमा यल देशय नगर परिक्रमा । अनं लिपा सुनागुठी गामे बाजागाजा सहित बुद्ध प्रतिमा यात्रा याना: छ ता: इले विहारे बौद्ध सभा ।

२५४५ औं बुद्ध पूर्णिमा महोत्सव हनेगु लागि यल नागबहा:यात पा:ब्व ल:ल्हानां बुद्ध पूर्णिमा महोत्सव क्वचायकूगु जुल ।

## पंचवीर सिंह सिरपा:

२०५७ आषाढ १० गते ।

श्रद्धेय भिक्षु सुदर्शन महास्थविरजु पाखें "बुद्धधर्मया विशेषता" विषयस जूगु प्रवचन ज्याझ्व: व २५४३ औ. बुद्ध सम्वतस् सन्ध्या टाइम्स न्हिपती पिदंगु च्वछाये बह:गु बौद्ध च्वसूया (लेख) च्वमिपिं भाजु रत्नसुन्दर शाक्य व मय्जु लोचनतारा तुलाधर पिन्त "पंचवीर सिंह सिरपा:" ल:ल्हायगु ज्याझ्व: सम्पन्न जूगु दु । युवा बौद्ध समूह, या ग्वसाले सम्पन्न जूगु थुगु ज्याझ्व: प्रदिप्त पुस्तकालय मासंगल्ली यैं न्ह्याकूगु ख: ।

समूहया नायो शान्तरत्न शाक्यया सभापतित्वे जूगु उगु समारोह दाता पंचवीर सिंह तुलाधरं सिरपा कथं हनापौ व दां ल: ल्हानादीगु ख: ।

उगु सभाय् युवाबौद्ध समूहया उपाध्यक्ष त्रिरत्न मानन्धरं स्वागत भाषण याना दीगु ख: सा सचिव मदन तुलाधरं सिरपा त्याका दीपिनि परिचय बिया दिल ।

## लुभुइ न्हूगु विहार शिलान्यास

यलया लुभु सुवर्ण छत्रपुर विहारया क्षेत्रे न्हूगु विहार दय्केगु मनंतुना येंया उपासक ज्ञानज्योति कंसाकारपाखें हालसाले हे शिलान्यास यानादीगु समाचार प्राप्त जूगु दु । शिलान्यास धुंका वयकलं थ्व न्हूगु विहार दय्केगु लागी छगू लाख दां (रु. १०००००/-चन्दा बियगु वचं बिया दिल । वय्कया धर्म पत्नी लक्ष्मी प्रभा कंसाकार पाखें नं छग थां यात मागु ध्वबा बी धका वचं बियादिल । नापं मेपिसं नं थांयात मागु ध्यबा तया बी धका श्रद्धा प्रकट याना दिल ।

उखुन्हु हे शिलान्यास यायन्ह्यो लय् लय् पतिकं जुया च्वंगु ज्या भो कथं अष्टमी खुनु बुद्धपूजा व ज्ञानमाला भजन अले भिक्षु बोधिज्ञान पाखें धर्म देशना जूगु दु । दकसिवेलिपा चेतना माला भजन याना ज्या भो क्वचागु जुल ।



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीया वार्षिक कार्यक्रम

**बु.सं. २५४४**

**ने.सं. ११२० - ११२१**

**वि.सं. २०५७**

| क्र.सं. | गुबले यायेगु | छु यायेगु | सुया संयोजकत्वय् यायेगु |
|---|---|---|---|
| १. | बैशाख ३ | गोष्ठीया धर्मानुशासक पूज्य अश्वघोष महास्थविरयात अभिवादन ज्याइव: | सुमन कमल तुलाधर<br>लोचन तारा तुलाधर |
| २. | बैशाख ३१ | हि दान | स्वयम्भु रत्न तुलाधर |
| ३. | जेष्ठ ४,५,६ | स्वाँया पुन्हिया लसताय् स्वन्हु यंकं सुथय् बुद्ध पुजा यायेगु | इन्द्र कुमार नकर्मी |
| ४. | जेष्ठ ५ | स्वाँया पुन्हि खुन्हु संयुक्त राष्ट्र संघं बिदा ब्यूगुलिं श्रीलंका व संयुक्त राष्ट्र संघयात सुभाय् पौ बीगु, प्रेस बिज्ञप्ति पिकायेगु व बहनी बुद्ध पुजा व परित्राण यायेगु | इन्द्र कुमार नकर्मी |
| ५. | जेष्ठ ७ | पिपल्स डेण्टल कलेज एण्ड हस्पिटलया ग्वाहालिं छन्हुया 'दन्त शिविर' | रोशन काजी तुलाधर |
| ६. | असार १० | प्रव्रज्या दिवस, ध्यानकुटि विहार | इन्द्र कुमार नकर्मी |
| ७. | श्रावण १ | भन्ते, गुरुमाँपिन्त गुरु पुजा यायेगु | धुब रत्न स्थापित |
| ८. | श्रावण २ | असार पुन्हिया लसताय् "न्हापांगु अन्तर निम्न माध्यमिक विद्यालय बौद्ध हाजिरी जवाफ प्रतियोगिता" यायेगु | विकास रत्न तुलाधर |
| ९. | भाद्र २४ | गामय् वना अध्ययन गोष्ठी व स्वास्थ्य शिविर न्यायेक: वनेगु | चन्द्रेश रत्न तुलाधर |
| १०. | कार्तिक २६ | अध्ययन गोष्ठीया दुज: पिनि दथ्वी लेख च्वयेगु कासा | रीना तुलाधर |
| ११. | मंसीर ४-१० | लुम्बिनीया गौतमी बिहारय् 'अल्पकालिन प्रव्रज्या व उपसम्पदा' याय्गु | प्रव्रज्या दिवस पुच: |
| १२. | पुष १४-१७ | नेपाल जन्जय् वना अध्ययन गोष्ठीया ज्याइव: हं वनेगु (धर्म प्रचार) | श्याम लाल चित्रकार |
| १३. | चैत्र ४ | वार्षिक भेला | इन्द्र कुमार नकर्मी |

# धर्मचक्र दिवसको महत्त्व

सिद्धार्थ गौतमले आफु एक्लै सुखपूर्वक जीवन बिताउनको लागि राजवैभव त्याग्नु भएको होइन । आफू पनि दुःखबाट मुक्त भई अरुलाई पनि दुःखबाट मुक्त हुने बाटो देखाउनको लागि त्यागी हुनुभयो । यहाँ हामीले बुझ्नु पर्ने कुरो के देखिन्छ भने, हाम्रो मुख्य लक्ष सुखी बन्नु भन्दा पनि हाम्रो दुःखलाई हटाउनु हो । सुखभोग गर्ने आशा र दुःखलाई हटाउने आशालाई तराजुमा जोखेर हेर्दा यी दुईवटाको तौलमा धेरै फरक देखिने छ । सुखी हुने आशा भारी वा गह्रौं हुन्छ भने दुःखबाट मुक्त हुने आशा हलुका हुनेछ । दुःख भनेको त्यसै हटेर जाँदैन । यसको लागि त आफ्नो मन शुद्ध हुनुपर्दो रहेछ । भोको पेटले तपस्या गर्दैमा मन शुद्ध हुन सक्दैन भन्ने कुरो बुझ्नु भएपछि सिद्धार्थले यसरी तपस्या गर्न छोड्नु भयो । यो एक अन्धविश्वास हो भन्ने कुरा उहाँले थाहा पाउनुभयो । आफुले पहिला संगत गरिरहेका ठूलठूला महात्माहरूको सिद्धान्त र धर्ममा मध्यम मार्ग गाभिएको देख्नु भएन र फलस्वरूप उनीहरूको शिक्षामा दुःखबाट मुक्त हुने बाटो स्पष्ट पारिएको छैन भन्ने कुरालाई बुझी उहाँले ती महात्माहरूलाई पनि त्याग्नु भयो ।

पछि एक्लै बुद्धगयामा पीपलको रुख मुनि बसी अन्तरमुखी बन्दै विपश्यना ध्यानमा तल्लिन हुनुभयो । अनि उहाँले संसार दुःखले व्याप्त भएको छ, यसको कारण तृष्णा हो, तृष्णालाई निर्मुल पार्न सकेमा मात्र दुःखबाट मुक्त हुन सकिनेछ । यो दुःखलाई निर्मुल पार्ने बाटो वा मार्ग पनि छ भन्ने कुरालाई यथार्थ रुपले बुझ्नु भयो । त्यसैले उहाँले आर्यअष्टाङ्गिक मार्ग (दुःख हटाउने आठवटा बाटोहरू) मा लागी खूब अभ्यास गर्नुभयो । मनभित्र लुकेर बसेका आफ्ना कुसंस्कारहरूलाई त्याग्नु पर्छ भन्ने कुरालाई महशूस गरी उहाँले आफ्ना पुराना संस्कारहरूलाई त्यागिसकेपछि मात्र बोधिज्ञान प्राप्त गर्नुभयो ।

बुद्धत्त्व प्राप्त भइसकेपछि उहाँले पहिला कहिले पनि अनुभव गर्न नपाएको स्वच्छ आनन्दको अनुभव गर्नु भएको कुरा उदान पाली ग्रन्थमा उल्लेख गर्नुभएको छ ।

त्यसपछि बुद्धले आफूले प्राप्त गर्नु भएको बोधिज्ञानलाई जनमानसमा प्रचार गर्नु पर्‍यो भन्ने बिचार गर्नु भयो । तर फेरि उहाँको मनले फेरि सोच्न बाध्य गरायो- मैले यसरी प्राप्त गरेको ज्ञान मामुली ज्ञान होइन । यो त धेरै गम्भीर शिक्षा भएकोले यो ज्ञान बुझ्नको लागि मनको मयल अर्थात् स्वार्थपना, अहंकार लोभ लालच, ईर्ष्या र क्रोध आदीलाई त्याग्नु पर्दछ । त्यति मात्र होइन यो शिक्षा बुझ्नलाई मोजमज्जामा डुबी विलासीमय जीवन बिताउने इच्छालाई समेत त्याग्नु पर्छ । पेटभरी खाना खान नपाउने अति कष्टमय जीवनबाट पनि टाढा रहनु पर्ने । यसरी अति विलासी जीवन र अति दुःखी जीवनबाट टाढा रही बीचको जीवन मध्यम मार्गमा लाग्नु पर्ने ज्ञान हो यो । यस्तो ज्ञानलाई स्वार्थी जीवन बिताई बेहोशी भइरहेका मानिसहरूले कसरी बुझ्न सक्ने हो ? यदि बुझिहाले पनि उनीहरूले यस शिक्षालाई व्यवहारमा उतार्न सक्ने छैनन् । यस्ता व्यक्तिहरू बिच धर्म प्रचार गर्नु त व्यर्थ हुनेछ । त्यसैले धर्म प्रचार नगरी एक्लै जंगलमा बस्नु नै जाती हुनेछ ।" यति विचार गरिसकेपछि बुद्ध आफैमा फेरि अर्को विचारले ठाउँ लियो- "अरुलाई दुःखबाट मुक्त हुने



Downloaded from http://www.dhamma.digital

बाटो देखाउनको लागि नै भनेर आफूले त्यत्रो दुःख सहेर बोधि ज्ञान प्राप्त गरेको कुरा कसरी बिर्सन पुगेको होला ? यो संसारमा सबै मानिसहरू अज्ञानी र मूर्ख त अवश्य पनि छैनन् होला । कुनै कुनै व्यक्ति त बुद्धीमान पनि त होलान् नि ।"

यति बिचार गरि सक्नु भएपछि बुद्धले पहिला आफूसंगै तपस्या गरिसकेका पाँचजवान साथीहरूलाई सम्झनु भयो ।" हुनत उनीहरू पूर्वाग्रही भएका थिए । तैपनि उनीहरूमा ज्ञान बुझ्ने क्षमता छ । त्यसैले यो अमूल्य ज्ञान उनीहरूलाई बुझाइ दिन्छु । पछि विस्तारै अरुहरूले पनि यस ज्ञानलाई बुझेर लिनेछन् ।" यति विचार गर्नु भई भगवान बुद्ध वाराणसी नजिक सारनाथमा रहेका पंचवर्गीयहरूलाई भेट्न जानु भयो ।

पञ्चभद्रवर्गीयहरूले टाढाबाट आइरहनु भएको बुद्धलाई देख्ने बित्तिकै तपभ्रष्ट सिद्धार्थ त हाम्रो शरणमा आएछ । अब हामीले उनलाई वास्ता नराख्ने भन्ने सल्लाह गरे । तर बुद्ध जब नजिक आउनु भयो, तब बुद्धको मैत्री, करुणा र सत्य बलको प्रभावले उनीहरू चुपलागेर बस्न सकेनन् । उनीहरूले आ-आफ्नो कर्त्तब्य सम्झी बुद्धलाई आदर पूर्वक स्वागत गरी एक उचित स्थानमा बसायो ।

त्यसपछि गौतम बुद्धले उनीहरूलाई धर्म चक्रको उपदेश दिनुभयो । जुन उपदेश भवचक्रबाट मुक्त हुने एक अमूल्य बाटो सावित हुन पुग्यो । यो अमूल्य दिन असार पूर्णिमाको दिन हो ।

भगवान बुद्धले ती पाँचजवान ऋषीहरूलाई भन्नुभयो - "हे भिक्षुहरू ! मैले चारवटा आर्यसत्य र आर्य अष्टाङ्गिक मार्गलाई खूब ध्यान दिएर अध्ययन गरें, अभ्यास पनि गरें आफूले त्याग्नुपर्ने पुराना कुसंस्कारहरू सबैलाई त्यागि सकें । अनि म भित्र पहिला नभएका ज्ञानको आँखा अहिले उदय भयो । दुःखलाई निर्मूल पार्न सक्ने आठवटा बाटोहरूलाई मैले फेला पारें । यस बाटोमा जानका लागि विलासिमय र कष्टमय जीवन त्यागी मध्यम मार्गलाई अपनाउनु पर्दो रहेछ । हाम्रो दृष्टि ठीक हुनुपर्दो रहेछ । नियत राम्रो हुनुपर्दो रहेछ । बोली वचन शुद्ध हुनुपर्छ । आफ्नो शरीरबाट गरीने कार्यहरू शुद्ध र ठीक ढंगको हुनुपर्छ । आफ्नो जीविका निर्दोष र शुद्ध हुनुपर्छ । ठीक तरिकाले प्रयत्नहरू गर्नुपर्छ । हरेक क्षण ठीक ठाउँमा होश राख्नुपर्छ । चित्त एकाग्र हुनुपर्छ ।

हाम्रो जीवनमा आइपर्ने अति दुःखको कारण तृष्णा र आशक्त हुने बानि भन्ने कुरा मैले बुझें । आफ्नो शरीरलाई चाहिंदो मात्रामा खाना नखाइकन तपस्या मात्र गरेर पनि सही ज्ञान प्राप्त गर्न नसकिने रहेछ । शरीर बलियो भएन भने मन पनि कमजोड हुने रहेछ ।"

यसरी पंचवर्गिय भिक्षुहरूले बुद्धको श्रीमुखबाट धर्मचक्रको उपदेश सुनिसकेपछि विचार गर्न थाले - "सिद्धार्थले पहिला कहिले पनि नभनेको नौलो कुरा गर्नु भएको छ ।यी सबै कुरा सुनिसकेपछि हामी त अति मार्गमा लागेको कुरो बल्ल महशूस भयो । हाम्रो पुराना संस्कारहरूलाई हामीले बदल्न सकेका रहेनछौं । त्यसैले पहिला हाम्रो पुराना संस्कारहरूलाई त्याग्नु पर्‍यो ।"

यति विचार गरी तिनीहरूले आ-आफ्ना पुराना कुसंस्कारहरूलाई आफैले महशूस गर्दै त्याग्न थाले । यसरी उनीहरूको हृदय परिवर्तन हुन थाल्यो । फलस्वरूप उनीहरू भवचक्रबाट मुक्त बन्न सफल भए । धर्मचक्रको बोध गरी बुद्ध र बोधिज्ञानको महत्त्व बुझ्न सफल भए । यसरी हामीले भन्न सक्छौं आफुले आफूलाई सही तरिकाले बुझी आफ्नो हृदय परिवर्तन गर्न सक्नुमानै हाम्रो जीवनको ठूलो सफलता र महत्त्व समेटिएको रहेछ ।

बा.अ.का.द.नं. - ७०/०४०/४१

# छलफल

✍ मेघदूत

ग्व ! भीगु छलफल ज्या भ्वः (कार्यक्रम) पाय्छि इले शुरु जुइ माःगु खः । अपोयाना पाय्छि (ठीक) इले शुरु जुया च्वंगु । थौं ला सदस्यपिं यक्व हे कम खने दु । वा वाइगु (बर्षाया) बखत । थौं भीगु छलफल ज्या भ्वः शुरू जुइगु इले हे लाक तस्सकं वा वया बिल । आपा मनूत मदुसां शुरु याना छोय्गु ज्यू ।

छम्ह न्हूम्ह मनू थ्यंक वल । वय्कलं थःगु परिचय बिया धाल - वैशाखपुन्ही धुनेवं हे थनया छलफल कार्यक्रमे भागकाय मास्ते वै च्वंगु । थौं कन्हे छिकपिनिगु छलफलया ज्या भ्वः नं नियमित रुपं मजू थें च्व ।

ग्वसाखलया (आयोजक) छम्ह सदस्यं धाल जिपिं लुम्बिनी व मेमे थाय् जुइगु ज्या भ्वले नं वने माःगुलिं लिमलाना च्वन । धाय् अपु याय् थाकु । आयोजकं न्यन - छिगु नां छु थें ? छाय् थन भ्वयागु थें ? गनं भ्वयाम्ह थें ?

वयकलं धैदिल- जिगु नां नाति महर्जन (ज्यापु) ज्याठात्वालं वयाम्ह खः । वयकलं वैशाखपुन्ही बले यागु येया बुद्ध जयन्ती समारोह समिति पाखें छापे जुया च्वंगु पम्पलेट (पर्चा) छगू जोना धाल- थुकी सिद्धार्थ कुमारं जन्म जुइ सातं पलाछिना- जि संसारे दक्वसिवे तःधंम्ह, श्रेष्ठम्ह धाय्क्व तःगु पाय्छि जूला ? थ्व विकृति गनं वल ? जि थें जाम्ह आखः बोना मतयाम्ह ज्यापुं हे स्यू मनू जन्म जुइसात न्वंवाइ मखु धयागु । थज्योगु मिले मजूगु, अवैज्ञानिक खँ न्ह्यथना गथे बुद्धया वैज्ञानिक व व्यवहारिक धर्म प्रचार याय्गु ? थुगु बारे छिक्वपिनि छु विचार खः धक्व न्ये वयागु ।

आयोजक छम्हेस्यां धाल- छितः चित्तबुझे जुइक लिसः बी मछिं । छाय् धाःसा थन छलफल जूगु खँ धर्मकीर्ति पत्रिकाय् छापे जुया च्वनीगु जुया जिमिगु मनया खँ फुकं छापे यायत स्वतंत्र मदु । जिमि मेघदूत हे धर्मकीर्ति पत्रिकाय् ज्या याना च्वंम्ह खः । छिं स्यूला मस्यूला धर्मकीर्ति विहारपाखें लुम्बिनी गौतमी विहारया दुने सिद्धार्थ कुमारं जन्म जुइसातं हे न्हेपला छिना पतिं धस्वाक्व जि संसारे अग्रम्ह धाय्का तगु मूर्ति दय्का तगु दु । उकिं छिं न्यंगु प्रश्नया लिसः बी मछिं ।

थुलि खँ न्यनेसात वय्क नाति महर्जन थज्योगु नं ताल ला ! धक्व भुनुभुनु हाला दना वन ।

थौं न्हूम्ह स्वापाम्ह मनू छम्ह खने दत । आयोजक तसें न्यन छि गनं भ्वयाम्ह थें ? लिसः बियादिल थनया छलफलया कार्यक्रम बांला ताल । बौद्धतय्गु समस्याया खँ चर्चा जुया च्वं । विराट नगरं वयाम्ह खः । जिनं थन वयागु छतानिता खँ कने धक्व खः । जिपिं विराटनगरया बुद्धमार्गीत मुना न्हूगु विहार छगू दय्कागु दु । उकी थौं कन्हेया ढंगं चःबि, मोल्हुइगुक्वेठा, छगू प्रवचन हःल नं दु । उगु विहारे च्वनीम्ह भन्ते (भिक्षु) छम्ह दै ला थें धक्व न्यंवयागु ।

आयोजक छम्हेस्यां धाल आम ला भिक्षु संघे निवेदन तय्मागु खँ क्व । थन ला धर्म सम्बन्धी छलफल जुइगु थाय् खः । गुबले गुबले भन्तेपिं नं थ्व कार्यक्रमे भाग क्वः बिज्याः । अबले भन्तेपिं पिने पिने विहारे च्वं बिज्यासां ज्यू धक्व खँ पिहाँ वो । अबले गुलिं गुलिं भन्तेपिसं धया बिज्याइ - पिने पिने विहार दय्का तःपिं उपासकपिसं धाःथें भिक्षुपिं च्वनेमाः उपासकपिनि अधीने च्वनेमाः । उपासक पिनिगु खँ मन्यनकि च्वने थाकु ।

उथाय् लाक मेपिं नं न्हू न्हुगु स्वापिं प्यम्ह न्याम्ह थ्यंकवल । मिसात नं दु । आयोजक छम्हेस्यां न्यन छिकपिं गन भ्वयापिं थें ?

लिसबिल- जिपिं बुटवलं वयागु । बुटवल विहारे भन्ते छम्ह वर्षावास तय् मालाच्वन । उकिया लागी गन वने माली थे ?

आम खँ ला भिक्षुसंघे निवेदन तय्मागु खँ खः । जिमिसं थुगु बारे छुं धाय् मफु । न्यना तयाथें आमकन बुटवल विहारे भन्तेपि दु धागु ।

छम्हेस्यां धाल द ला दु सःस्यूम्ह न खः । तर थःम्हे धयाथें याय् माःम्ह हानं धाय् सात हे याय्माम्ह, आसे धाय् मज्यूम्ह, दातापिं उपासकपिं नाप सल्लाह ब्याके मसःम्ह जुया च्वन । तस्सकं जिद्दिम्ह जुया च्वन । वैशाख पुन्ही बले हूलमूले च्वनीमखुम्ह, जात्रा सात्रा आदिं न मयोम्ह । तस्सकं सिद्धान्त वादी जुल । व्यवहारवादीम्ह मखु । मध्यम मार्गी जुइ मागु थें च्वं । वसपोल भन्ते मुक्कं ज्ञान मार्गीम्ह जुल । अथेला ज्यू थें च्व तर बुराबुरी व मेपिं आपालं भक्तिमार्गीत जुयाच्वन । ज्ञां मदुपिं जुया च्वन । न्हू न्हूपिन्त बुद्धपूजाया ज्या भ्वो मदय्क मज्यूपिं बुराबुरीत जुयाच्वन । वसपोल भन्ते ला तस्सकं कडाम्ह जुया च्वन । वसपोल अन बुटवली च्वना बिज्याइथें मच्व ।

आयोजक पाखें न्यन, अन मेम्ह नं भन्ते छम्ह दु धागु न्यना । लिसः बिल - वसपोल नं काठमाडौं बिज्याय् धुंकल । वसपोल बुद्ध धर्मया सिकं रामायण महाभारतया खँ कने न्ह्यांम्ह जुया च्वन । गुबले गुबले थः अरहन्त थें खँ ल्हाइम्ह ।

आयोजक पाखें धाल थन उपत्यकाय् नं न्हेगु च्यागु विहारे भन्तेपिं मदु धागु न्यना । तानसेने नं प्यंगु विहार दु भन्तेपिं छम्ह हे मदु धागु न्यना । मनूते विहार दय्के हथाय् विहार गुकथं संरक्षण जुइ, भिक्षुपिं गथे च्वना बिज्याइ, गनं बिज्याइ धैगु छुं योजना याइ मखु । भन्तेपिं लही अःपु मजू धक्व मस्यू । भन्तेपिं पिने पिने गनं च्वने मफुगु छु जूगु ! दबूमाथं मवना प्याखँ ल्हुइ मछिंगु ला, अथवा प्याखंल्हुइ मसया दबूमाथं मवंगु मस्यु ।

छम्हेसां धाल- परपटि बद्धमे जीविकाति अभिन्हं पच्च वेक्खितब्बा अर्थात भिक्षु जीवन करपिनि भरोसाय् म्वाना च्वने माः धयागु बुद्ध वचन भिक्षुपिनि लोमने धुंकल थें च्वं ।

मेम्ह नं छम्ह त्रिशूली याम्ह उपासकं धाल जिनं त्रिशूली विहारे वर्षावास च्वनाविज्याइम्ह भन्ते छम्ह माल धा वयाम्ह । अहो ! थौं ला भन्तेपिं त मागु जक खँ वल । थ्व जिमिगु संस्था भिक्षुसंघ मखु । थौं लिबात आःला वा नं दित । थौयात गात ।

मुद्रक : न्यू नेपाल प्रेस प्रधान कार्यालय : नक्साल, नागपोखरी, पोष्ट बक्स : ८९७५ इ.पि.सी. ५४१४, काठमाडौं, नेपाल । फोन : ४३४८५०, ४३४७५३
व्यापारिक कार्यालय : शुक्रपथ, न्यूरोड, काठमाडौं, फोन : २५९०३२, २५९४५०, फ्याक्स : (९७७-१) २५८६७८

Downloaded from http://www.dhamma.digital